# परिच्छेद-एक

# परिचय

## १.१ पृष्ठभूमि

स्त्री र पुरुषको समागमको समयमा पुरुषको शुक्रकीट र महिलाको डिम्बको मिलनबाट एउटा नयाँ जीवकोषको निर्माण हुन पुग्दछ । उक्त नयाँ जीवकोषमा पुरुषबाट २३ जोडी र महिलाबाट २३ जोडी गरी ४६ वटा गुणसुत्रहरुको मिलन हुन पुग्दछ । २३ जोडी गुणसुत्रहरुमा पुरुषहरुको शुक्रकीटमा २२ वटा मिल्दो (x) र तेईसौ चाहिं अमिल्दो (y) हुन्छ भने महिलाको डिम्बमा चाहिं २३ वटा नै (x) हुन्छन् । गर्भाधारणको समयमा यदि पुरुषको x र महिलाको x को मिलन हुन पुगेमा छोरी र महिलाको x र पुरुषको y गुणसुत्रको बीचमा मिलन हुन पुगेमा छोरा हुने गर्दछ । प्रत्येकमा ८०,००० देखि १,२०,००० सम्म जिनहरु हुन्छन् । जिनहरुले बच्चाको उचाई, आकार, मानसिक एवं बौद्धिक स्तर निर्धारण गर्दछ । नवजात शिशुको वंशज निर्धारणमा आमा र बाबुको बराबर हात रहेको हुन्छ ।

मानव विकासको क्रमलाई हेर्दा बच्चा गर्भमा रहेको अवस्थालाई जन्मपूर्वको अवस्था (prenatal period) भनिन्छ । जन्मपूर्वको अवस्थालाई डिम्बासय, भ्रूण र फेट्स गरी तीन चरणमा विभाजन गरिएको छ । त्यस्तै जन्म पश्चातको अवस्थालाई नवजात शिशुको अवस्था, शैशवअवस्था, पूर्वबाल्यावस्था, उत्तरबाल्यावस्था, यौवनावस्था, किशोरावस्था वयस्कावस्था, मध्यावस्था र वृद्धावस्था गरी ९ चरण पार गर्नुपर्ने तथ्य मनोवैज्ञानिकहरुले अघि सारेका छन् (रेग्मी र साथीहरु २०६३) ।

मानव विकास शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक, क्रियात्मक पक्षमा आउने प्रगतिमूलक परिवर्तन हो । त्यसैले विकास गुणात्मक परिवर्तनसँग सम्बन्धित छ । शैशव अवस्थालाई पार गरिसकेपछि बालबालिकाहरु प्रारम्भिक बाल्यावस्थामा प्रवेश गर्दछन् । प्रारम्भिक बाल्यावस्थाको विकास भन्नाले ३ देखि ६ वर्षसम्मको बालबालिकाको अवस्थालाई चिनिन्छ । यस उमेरका बालबालिकाहरु ज्यादै चकचके र जिज्ञासु स्वभावका हुन्छन् । सामाजीकरणको सँगसँगै क्रियात्मक एवं संज्ञानात्मक विकासको दृष्टिकोणबाट पनि यस समयावधिलाई महत्वपूर्ण उमेरको रुपमा लिइन्छ । प्रारम्भिक बाल्यावस्थाको समयावधिमा बालबालिकाहरुले आफ्नै विशिष्ट निजीधारणाको विकास गरिसकेका हुन्छन् । यस उमेरका

बालबालिकाहरु विशेषगरी खेलौनासँग रमाउने, अरुको नक्कल गर्ने स्वभावका हुन्छन् । साथै यस अवस्थाका बालबालिकाहरु साथी बनाउने, अनुसरण गर्ने, सृजना गर्ने, खेल खेल्ने र विद्यालय समेत जाने भएकाले यस अवस्थालाई पूर्व समुह उमेर र पूर्व विद्यालय उमेर भनेर पनि चिनिन्छ । यस अवस्थालाई बाबुआमाहरुले दुःखपूर्ण र खेलौनाको उमेर, शिक्षाविदहरुले पूर्व विद्यालय जानेउमेर र मनोवैज्ञानिकहरुले पूर्वबाल समूह उमेर, जिज्ञासु उमेर तथा अनुकरणात्मक उमेर भनेर नामकरण गरेको पाईन्छ । त्यसैले यस अवस्थाका बालबालिकाहरुलाई अभिभावक, शिक्षक, सहयोगी कार्यकर्ता, स्वयं सेवक सबैले आवश्यक सहयोग गरी शारीरिक, मानसिक सामाजिक र संम्वेगात्मक क्षमताको विकास गराउनु प्रारम्भिक बालविकासको प्रमुख उद्देश्य हो (शर्मा एण्ड शर्मा : २०६५) ।

साधारणतया बालबालिकाको शिक्षा ६ वर्षको उमेरदेखि शुरु हुने गर्दछ । प्राथमिक तहको पढाइ सुरुगर्नुभन्दा अघि नै उसमा राम्रो बानी व्यहोराको विकास गराई पढ्ने, लेख्ने कुराप्रति रुचि जगाउनु आवश्यक हुन्छ । यिनै आवश्यकता पूरा गर्ने उद्देश्य लिएर स्थापना गरिएका शिक्षण संस्थालाई पूर्व प्राथमिक तहको शिक्षा दिने विद्यालय मानिन्छ । वि.सं. २०२५ सालदेखि शिक्षा- मन्त्रालय अन्तर्गत शिशु कक्षा सम्बन्धी पाठ्यक्रम तर्जुमा गर्न थालिएको पाईन्छ । यो पाठ्यक्रमक्रमलाई वि.सं. २०२९ सालमा शिशु कक्षा व्यवस्था नियमावलीद्वारा सुव्यवस्थित गर्ने प्रयास गरी सरकारी नीति स्पष्ट भयो (ढकाल र साथीहरु २०६४) ।

नेपालमा गठित शिक्षा सम्बन्धी विभिन्न समिति आयोग तथा योजनाहरुले पनि पूर्व प्राथमिक शिक्षालाई परिभाषित गर्दै संचालनको लागि सुझाव प्रस्तुत गर्दै आएका छन् । सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति २०१८ ले ३ वर्ष ननाघेका बालबालिकाहरुलाई प्रत्येक टोल र गाउँमा १/१ वटा मनोरञ्जन र खेलकुदको व्यवस्था भएका बाल उद्यान स्थापना गर्नु पूर्व प्राथमिक विद्यालयको व्यवस्था गर्नुपर्ने सुझाव पेश गरेको थियो भने पूर्व प्राथमिक शिक्षाको औपचारिक परिभाषाको सन्दर्भमा शिक्षा ऐन २०२८ ले ३ वर्ष उमेर पुगेका तर ५ वर्ष उमेर पूरा नगरेका बालबालिकाहरुलाई दिइने शिक्षालाई पूर्व प्राथमिक शिक्षाको रुपमा परिभाषित गरेको छ । यसैगरी शिक्षा आयोग २०४९ ले ४ वर्ष पुगेका बालबालिकाहरुको चौतर्फी विकासलाई ध्यानमा राखी १ वर्ष पूर्व प्राथमिक शिक्षाको व्यवस्था गर्नुपर्ने कुरामा जोड दिएको छ । उच्च स्तरीय कार्य समिति २०५८ को प्रतिवेदन शिशु विकास कार्यक्रम २ वर्षको हुनुपर्ने त्यस्तो कार्यक्रम संचालन रेखदेख र व्यवस्थाको दायित्व गा.वि.स. वा

नगरपालिकाको हुनुपर्ने र त्यसको लागि सरकारले एकमुष्ट रकम अनुदान दिनुपर्ने कुरा उल्लेख गरिएको छ (सेरीड २०४९) ।

बालबालिकाहरुको विकासको लागि रुसो र फ्रोबेलले कुनै पूर्व निश्चित पाठ्यक्रम तयार गरेका छैनन् । फ्रोबेलले सानानानीहरुलाई किताबी ज्ञान दिनु हुदैन भन्ने मान्यता अनुसार पाठ्यक्रममा क्रियाकलाप र खेललाई नै प्रमुख स्थान दिएका छन् । यसैगरी मण्टेश्वरी प्रणालीमा पनि पाठ्यक्रम ज्ञान प्रधान नभई ज्ञानेन्द्रीयहरुलाई फूर्तिलो बनाउने खालको कार्य प्रधान भएको पाइन्छ तर पनि नेपालमा पूर्व प्राथमिक शिक्षालाई व्यवस्थित योजनाबद्ध र प्रभावकारी बनाउनका साथै एकरुपता ल्याउन पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने गरिएको छ । नेपालमा शिक्षा मन्त्रालय अर्न्तगत २०५६ साल देखि शिशुकक्षा सम्बन्धी पाठ्यक्रम तर्जुमा गर्न थालिएको छ । उक्त पाठ्यक्रमलाई २०५९ सालमा शिशुकक्षा व्यवस्था नियमावलीद्वारा शिक्षक तथा प्रधानाध्यापकहरुलाई तालिम तथा गोष्ठीहरु आयोजना गर्ने गरेको छ । यस्ता प्रयासहरु हुँदा हुँदैपनि नेपालमा सरकारी स्तरबाट पूर्व प्राथमिक शिक्षाको विकासका लागि धेरै योगदान हुन सकेको देखिदैन । धेरैजसो बालबालिका र बालशिक्षा सम्बन्धी कार्यक्रमहरु खासगरी निजी क्षेत्रबाट संचालित छन् र ती कार्यक्रमहरु बालबालिकाको सर्वाङ्गीण विकासमा भन्दा अनावश्यक रुपमा किताबको भारी गर्ने कार्यमा केन्द्रित भएको पाईन्छ । यस्ता कार्यक्रमहरु शहरी क्षेत्रमा सीमित छन् तर यस अवस्थालाई ग्रामीण क्षेत्रसम्म विस्तार गरी ३ वर्षदेखि ५ वर्षसम्म उमेर समुहका बालबालिकाहरुलाई मनोवैज्ञानिक तरिकाबाट स्तरयुक्त शिक्षाको अवसर दिलाउने उद्देश्यले सरकारद्वारा आर्थिक वर्ष २०४९/५० मा मध्यपश्चिमाञ्चल विकास क्षेत्रको सुर्खेत जिल्लाका केही विद्यालयहरुमा परिक्षणको रुपमा शिशुकक्षा संचालन गरिएको थियो । त्यसको परिमाण सकारात्मक देखिएकोले २०५०/५१ मा ११ जिल्लामा करीब ७० वटा विद्यालयमा परिक्षणका रुपमा स्थानीय समुदायको सहयोगमा शिशुकक्षा संचालन गरिएको थियो भने २०५४/५५ को आर्थिक वर्षबाट आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागु भएका ३६ जिल्लामा विद्यालयहरुमा शिशुकक्षा संचालन गरेको पाईन्छ (शिक्षा विभाग : २०६३) ।

बालबालिकालाई विद्यालय जाने वातावरण तथा उनीहरुको सर्वाङ्गीण विकास गराउने उद्देश्यले स्थापना गरिएका बालविकास केन्द्रको लोकप्रियता दिनदिनै बढ्दै गइरहेको छ । समुदाय तथा विद्यालयमा आधारित बालविकास कार्यक्रमको प्रभावकारिता लेखाजोखा गर्नु

आवश्यक छ । अहिले हाम्रो देश नेपालमा बालविकास केन्द्रप्रति सरोकारवालाहरुको जिज्ञासा बढेर गएको पाईन्छ । यसै परिवेशलाई आत्मसात गर्दै बालविकास केन्द्रको प्रभावकारिता मूल्याङ्कन गर्ने हेतुले यो शोधपत्र तयार गरिएको छ ।

## १.२ समस्याको कथन

वि.सं. २०५६ सालमा शिक्षा विभागको स्थापना भए पश्चात शिशु कक्षाहरु समुदायक मूलक बालविकास केन्द्रको रुपमा संचालन हुन थाले । त्यसपछि शिक्षा विभागले बालविकास केन्द्रको कोटा वृद्धि गरी २०६१ सालसम्ममा जम्मा ४,२३० बाल विकास केन्द्रहरु संचालन भइरहेको पाईन्छ । यसरी दिनानुदिन बालविकास केन्द्रहरु वृद्धि भइरहेका छन् । शिक्षा विभाग अन्तर्गतका बालविकास शाखाले प्रारम्भिक बाल विकास पाठ्यक्रम, निर्देशिका र अन्य शैक्षिक सामग्री समेतको व्यवस्था गरी परिक्षणको रुपमा सो कार्यक्रम संचालन गर्दै आइरहेको छ ।

तसर्थ वर्तमान अवस्था नेपालमा सञ्चालन भैरहेका पूर्व प्राथमिक बालविकास केन्द्रहरु के कसरी संचालन भैरहेका छन् यसका आर्थिक, सामाजिक सम्बद्ध शैक्षिक सामाग्री भौतिक सुविधाको तत्कालिन अवस्था के कस्तो छ, सहयोगी कार्यकर्ताको योग्यता एवं क्षमता के छ ? शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभागले बालविकास कार्यक्रमको लक्ष्य प्राप्तिको लागि बालविकास कार्यक्रम सम्बन्धी निर्देशिका, बालविकास पाठ्यक्रम, क्यालेण्डर प्रकाशन गरेको छ । यसरी बालविकास कार्यक्रमका उद्देश्य के कति पूरा भएका छन् कार्यक्रम सञ्चालन भएको ठाउँमा कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन भए नभएको बालबालिकाको व्यवहार, विकास र सिकाईमा अपेक्षित सुधार ल्याएको छ कि छैन । यी सवालहरुको अध्ययन नहुने हो भने कार्यक्रममा गरिएको खर्चको औचित्य समाप्त हुन्छ । त्यसैकारण बालविकास केन्द्र संचालनको प्रभावकारिता अध्ययन अति आवश्यक ठानिएको छ ।

## १.३ अध्ययनको औचित्य

शिक्षा विकासको मेरुदण्ड हो । प्राथमिक शिक्षाको आधारशिलाको रुपमा पूर्व प्राथमिक शिक्षालाई लिइन्छ । प्रारम्भिक बाल्यावस्था पछिल्लो विकासको आधारशिला हो । यस सन्दर्भमा प्राथमिक विद्यालयमा अध्ययन गर्न उमेर नपुगेका बालबालिकाहरुको चौतर्फी

विकासमा बालशिक्षाको अह्म भूमिका हुन्छ । यस अध्ययनबाट बालविकास कार्यक्रम कार्यान्वयनको भौतिक तथा शैक्षिक अवस्था के-कस्तो छ ? बालविकास कार्यक्रममा सरकारी र गैरसरकारी क्षेत्रबाट लगानी बढाउँदै लगेको परिवेशमा यस कार्यक्रमले लक्षित समुहलाई के-कस्तो प्रभाव पारेको छ ? यस कार्यक्रममा स्थानीय अभिभावकको के-कस्तो संलगनता छ ? सहयोगी कार्यकर्ताको क्षमता, योग्यता तथा कमीकमजोरीहरु के-कस्ता छन्? बालविकास केन्द्रहरु उद्देश्यहरु अनुरुप संचालन भए नभएको लेखाजोखा गरी यसको व्यवस्थापकीय पक्ष तथा स्रोत व्यवस्थापन आदि विषयको खोजी गरिने भएकोले यस अध्ययनबाट निस्केको निष्कर्षले शिक्षाको नीति निर्माणकर्ता, शैक्षिक योजनाकार, शिक्षा प्रशासक, पाठ्यक्रम निर्माता, शिक्षक, अभिभावक तथा सरोकारवाला निकायलाई अवश्य नै मद्दत पुऱ्याउने आशा राखिएको छ ।

## १.४ अध्ययनको उद्देश्यहरु

यस अध्ययनका लागि निम्न उद्देश्यहरु छन् ।

क) बालविकास कार्यक्रमको वर्तमान शैक्षिक उपलब्धी र भौतिक अवस्थाको पहिचान गर्नु ।

ख) बालविकास कार्यक्रमको वर्तमान अवस्थामा देखा परेका समस्याहरुको पहिचान गर्ने ।

ग) बालविकास कार्यक्रमको सुधारका लागि आवश्यक उपायहरु पहिल्याउने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

निम्न लिखित प्रश्नहरुको परिधिभित्र रही यो अध्ययन गरिएको छ ।

क) के बालविकास कार्यक्रमको अवसर पाएका बालबालिकाहरुको शैक्षिक उपलब्धी उच्च छ ?

ख) बालविकास केन्द्रमा भौतिक पक्षहरुको अवस्था कस्तो छ ?

ग) सम्बन्धित विद्यालयले त्यस बालविकास केन्द्रमा के-के सहयोग गरेको छ ?

घ) वर्तमान अवस्थामा बालविकास केन्द्रमा हाल के कस्ता समस्याहरु रहेका छन् ?

ङ) बालविकास केन्द्रमा देखिएका समस्याहरुको समाधानका उपायहरु के-के हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

बालविकास केन्द्र सञ्चालन भएको सम्पूर्ण क्षेत्रमा गई कार्यक्रमको अध्ययन गर्न साधन र स्रोतले नभ्याउने भएकाले यस अध्ययन कार्यलाई भोजपुर जिल्लामा नेपाल सरकारले वि.सं. २०६६ साल सम्ममा सञ्चालन गरेका बालंखा र बयाङ्ग स्रोत केन्द्र अन्तर्गत रहेका ४ वटा विद्यालयमा आधारित बालविकास केन्द्रको छनोट गरी अध्ययनलाई अगाडि बढाइएको छ । यस अध्ययनको निष्कर्षलाई सबै ठाउँ, परिवेश र समयमा सामान्यीकरण गर्न नमिलेता पनि बालंखा र बयाङ्ग स्रोत केन्द्रका लागि उपयोगी हुन सक्छ । बालविकास केन्द्रको शैक्षिक उपलब्धी तथा भौतिक अवस्था सम्बन्धित विद्यालयको भुमिका, र समस्या तथा समाधानका उपायहरुसँग यस अध्ययनलाई सीमित गरिएको छ । अध्ययनका क्रममा प्राप्त तथ्य, तथ्याङ्कहरु सत्य छन् भन्ने मान्यताका आधारमा निष्कर्ष निकालिएको छ । यो अध्ययन बाल कक्षा र कक्षा एकसम्म मात्र सीमित गरिएको छ । यस स्रोत केन्द्रमा सरोकार राख्ने सरोकारवालाहरु बालविकास केन्द्रका बालबालिकाहरु, सहयोगी कार्यकर्ता, वि.व्य.स. अध्यक्षहरु, अभिभावकहरु, प्र.अ., विद्यालय स्रोत व्यक्ति, बा.वि. केन्द्रबाट आएका बालबालिका र सिधै भर्ना भएका बालबालिका आदि पक्षको सेरोफेरोमा अध्ययनलाई सीमित गरिएको छ ।

## १.७ शब्दहरुको परिभाषाः

**प्रारम्भिक बाल्यावस्थाः** बालबालिकाहरुको सामान्यतया २ वर्षदेखि ६ वर्षसम्मको अवस्थालाई प्रारम्भिक बाल्यावस्था भनिन्छ ।

**बालविकास केन्द्रः** ३ वर्षदेखि ५ वर्षसम्मका बालबालिकाहरु अध्ययन गर्न केन्द्रलाई बालविकास केन्द्र भनिन्छ ।

**सिकाईः** बालबालिकाहरुको सामाजिक, शारीरिक, मानसिक र सिर्जनात्मक विकासलाई सिकाई मानिएको छ ।

**सिकाई उपलब्धीः** सिकाई उपलब्धी भन्नाले बालबालिकाले प्राप्त गरेको विषयगत प्राप्ताङ्कलाई मात्र मानिएको छ ।

**अध्यक्षः** विद्यार्थीका अभिभावकहरु मध्येबाट छानी गएका व्यक्तिलाई मानिएको छ ।

**अभिभावकः** विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा राखिएको व्यक्ति सम्झनु पर्दछ ।

**सहयोगी कार्यकर्ता:** बालविकास केन्द्रमा रहेका बालबालिकाहरुलाई पढाउने शिक्षक मानिएको छ ।

**बालविकास केन्द्रबाट आएका बालबालिका:** कक्षा एकमा भर्ना हुनुअघि बालविकास कार्यक्रमको अवसर पाएका बालबालिकाहरु मानिएको छ ।

**सिधै भर्ना भएका बालबालिका:** कक्षा एकमा भर्ना हुनु अघि बालविकास कार्यक्रमको अवसर नपाएका बालबालिकाहरु मानिएको छ ।

# परिच्छेद दुई

## सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनरावलोकन

बालविकास कार्यक्रमको वर्तमान अवस्था अध्ययन अन्तर्गत सम्बन्धित हुदै धेरै शिक्षाविद अध्ययनकर्ता तथा संघ संस्थाले भने अध्ययन गरेका छन् । यसै सन्दर्भमा रुसो पेस्तालोजी जोनडिवे, फ्रेडरिक फ्रोवेल, मेरिया मन्टेश्वरी, जिन पियाजे जस्ता दार्शनिक तथा शिक्षाविदहरुको योगदान महत्वपूर्ण रहेको छ ।

## २.१ सैद्धान्तिक खाका

बालविकासलाई उजागर गर्ने विभिन्न सिद्धान्तहरु रहेका छन् ती सिद्धान्तहरुमध्ये केही सिद्धान्तहरु यस प्रकार रहेका छन् ।

शिक्षा दार्शनिक रुसो (१७२८) का अनुसार पहिलो ५ वर्षको उमेरमा शिशुहरुलाई किताबी ज्ञानले उनीहरुको स्वच्छ विचारलाई दुषित पार्दछ । यस कार्य बाल विकासको लागि सहायक हुने खालको क्रियाकलापहरुमा लगाउनु पर्दछ । यस उमेरमा बालबालिकाहरुमा ठीक र बेठीकको अवधारणाको विकास भएको हुँदैन । त्यसकारण गल्ती गऱ्यो भने बालबालिकाहरुलाई पिटेर वा गाली गरेर सजाय दिनु हुँदैन । रुसोले यस उमेरका बालबालिकाहरुको लागि शारीरिक विकासमा अत्याधिक जोड दिएको पाईन्छ कमजोर वा निर्वल बालबालिकाहरुलाई बलियो र सशक्त बनायो भने ऊ असल हुन्छ । त्यसैले यस उमेरका बालबालिकाहरुको शारीरिक तन्दुरुस्तीको लागि प्रशस्त अभ्यास गराई राख्नुपर्छ । ५ वर्ष मुनिका बालबालिकाहरुलाई सिकाउन शिक्षकले शिशुलाई माया गर्ने, स्वतन्त्रपूर्वक सिक्ने कार्यमा सहयोग गर्ने, किताबी ज्ञान नदिने, प्राकृतिक वातावरणमा शिक्षा दिने, ज्ञानेन्द्रियहरुको स्वभाविक विकास गराउने, कुट्ने, पिट्ने, गाली गर्ने, सजाय नदिने, अवलोकन तथा क्रियाकलापका माध्यमबाट सिक्न लगाउने लेख्ने कुरालाई जोड दिएको पाईन्छ (शर्मा २०६४ बाट उद्धृत) ।

फ्रेडरिक फ्रोवेल (१८२७) का विचारमा बालबालिकाहरुको शिक्षा शैशव अवस्थामा नै शुरु हुनुपर्दछ । जसका कारण विद्यालय प्रवेश गर्ने बेलामा राम्रो विद्यार्थीको रुपमा प्रवेश गर्न सकोस् । उनको भनाइमा आत्म अनुभूति आदि कुराहरु समाजमा रहेर सामाजिकीकरण प्रक्रियाबाट सिक्ने कुरा हुन बालबालिकाहरुको पूर्ण विकासका लागि घर परिवार, स्कूल,

धार्मिक संस्था र राज्यको आवश्यकता पर्दछ । कुनै पनि बालबालिकाको शिक्षा एक्लै पूर्ण हुँदैन, तिनीहरुका लागि बालबालिकाहरुसँग पनि घुलमिल हुनुपर्दछ । शिक्षा भन्नु नै आत्म क्रियाकलापद्वारा गरेर सिक्ने हो । फ्रोवेलको किण्डर गार्डन पद्धति पनि गरेर सिक्ने र सिकाउने सिद्धान्तमा आधारित छ । यसबाट बालबालिकामा अन्तर्निहित शरिरको चाल, हाउभाउ, खेल, गीत रंगहरुको प्रयोग कथाकथन आदि । यसरी विद्यालयमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने फ्रोबेलले सातवटा उपहारको व्यवस्था गरे । यी सात उपहारहरु नै उनको शिक्षाका साधन हुन् । यी साधन हुन् । यी साधनहरुको प्रयोग हातबाट छौएर, हेरेर, देखेर र मनले बुझेर आकार, प्रकृति, सतह संख्या आदिको धारणा सिकाउन प्रयोग गरिन्छ । फ्रोबेलका अनुसार बालबालिकाहरुमा अन्तरनिहित र नैसर्गिक मानवीय गुणहरुको स्वच्छन्द पूर्वक विकास गर्नु शिक्षाको मुख्य उद्देश्य हो । अर्को शब्दमा बालबालिकाहरुमा अवगुण हटाई जीवनउपयोगी र समाज उपयोग कार्यकलापमा संलग्न गराइ नैसर्गिक व्यक्तित्वको विकास गर्नु नै विकासको लागि कुनै निश्चित पाठ्यक्रम तर्जुमा गरेका छैनन् । बालकको विद्यालयमा किताबलाइए कुनै स्थान दिएको छैन । उनको पाठ्यक्रममा बालबालिकाहरु बाल क्रियाकलापहरु र खेललाई नै प्रमुख स्थान दिइएको छ । उक्त पाठ्यक्रम बालकेन्द्रित छ (जोशी, २०५४ बाट उद्धृत) ।

मण्टेश्वरी १९०७ को विचार अनुसार शिक्षा भन्नु विकास हो विकास बालबालिकाहरुको मन भित्रबाट आउनुपर्दछ । बालबालिकाहरुको जन्मजात गुणहरुलाई पूर्णरुप दिनु नै शिक्षा हो । बालबालिका जन्मिएको बेला उनीहरुको आन्तरिक स्वरुप स्वतन्त्र वातावरणमा मात्र प्रस्फूटन हुन सक्छ । त्यसकारण बालबालिकाहरुका लागि स्वतन्त्रता अपरिहार्य हुन्छ । यस कारण मण्टेश्रीको विचारमा स्वतन्त्रता बालबालिकाहरुको मौलिक अधिकार हो र सोही वातावरणमा मात्र बालबालिकाहरु आत्मनिर्भर हुने कोशिस गर्दछन् । प्रत्येक व्यक्तिको आफ्नै विशेषताहरु हुन्छन् । जसको व्यक्तित्व एक अर्कोसँग उसको व्यक्तित्वलाई लत्याउनु हुँदैन । उनीहरुको ईच्छा अनुसार स्वतन्त्रतापूर्वक विकास गर्ने मौका दिएमा उनीहरुले आफ्ना अन्तरनिहित गुणहरु आफ्नै ढंगले प्रदर्शन गर्दछन् । त्यसकारण शिक्षकले प्रत्येक बालबालिकाहरुको सर्वपक्षबारे अत्यन्त गम्भीरतापूर्वक अवलोकन गरी उनीहरुका नैसर्गिक गुणहरु स्वतन्त्रतापूर्वक विकास गर्न उपयुक्त वातावरण तयार गर्नुर्प । यदि शिक्षकले बालबालिकाको सिकाईलाई प्रभाव पार्ने गरी दबाब दिइरहेमा उनीहरुले सिक्न सक्दैनन् । त्यसैले स्व शिक्षा सर्वोत्तम विधि हो । जसबाट बालबालिकाहरु आफ्नो क्षमता

अनुसार आफ्नै ढंगले सिक्दछन् । मण्टेश्वरीले मांशपेशीको तालिमलाई प्रारम्भिक बाल शिक्षाको महत्वपूर्ण अंगको रुपमा लिएका छन् । शरिरका विभिन्न अंगहरुको मांशपेशीलाई अभ्यास गराई राख्नुपर्दछ । यसो गर्नाले मांशपेशीहरु अभ्यास गराई राख्नुपर्दछ । यसो गर्नाले मांशपेशीहरु मजबुत हुन्छ । जसको फलस्वरुप हिड्ने दगुर्ने, लेख्ने जस्ता क्रियाकलापहरुमा सन्तुलन आउँछ । ज्ञानेन्द्रियहरु ज्ञानका प्रवेशद्वार हुन् । त्यसैले शैक्षिक प्रक्रियामा ज्ञानेन्द्रियहरुको महत्वपूर्ण भुमिका हुन्छ । सानै उमेरदेखि ज्ञानेन्द्रियहरुले उपयुक्त तालिम पाएमा सिक्ने कार्य सहज, सरल र बलियो हुन्छ । ज्ञानेन्द्रियको अभ्यासले तर्कपूर्ण चिन्तन र युक्तिपूर्ण निर्णय दिन सक्ने हुन्छन् यसकारण सानै उमेरदेखि ज्ञानेन्द्रियको तालिम नितान्त आवश्यक छ । मण्टेश्वरीले प्रारम्भिक बाल शिक्षालाई बाल गृहको रुपमा लिएकी छिन् । बालगृहमा घरकै वातावरणको संरचना गरिएको हुन्छ । मण्टेश्वरी स्कुलका भवनहरुमा काम गर्ने कोठा, भान्साकोठा, स्नानकोठा, स्नान कक्ष, चर्पी, सुत्नेकोठा, फूलबारी खेल मैदानको व्यवस्था गरिएको हुन्छ । यहाँ बालबालिकाहरुको उमेर सुहाउँदो फर्निचर तथा विभिन्न सामानहरु बनाइएको हुन्छ । दिशा पिसाब, नुवाई धुवाई, सरसफाइ, बगैंचाको हेरविचार आदि सबै काम बाल समूहले नै गर्दछन् । उपदेशात्मक उपकरणहरु खेलाएर बालबालिकाहरु आफै सिक्छन् । उनीहरु आ-आफ्ना रुचि अनुसार कुनै न कुनै क्रियाकलापमा संलग्न हुन्छन् । स्वतन्त्र वातावरणमा बालबालिकाहरुको व्यक्तिवादी भावनाको विकास गर्नु मण्टेश्वरी शिक्षाको उद्देश्य हो (शर्मा २०६४ बाट उद्धृत) ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

सेरीड (२०५५) ले आधारभूत तथा प्राथमिक शिक्षा परियोजना अन्तर्गत सञ्चालित शिशु कक्षाहरुको सुधार गर्ने उद्देश्यले ५ वटै विकासक्षेत्रलाई समेटेर झापा, चितवन, बाँके, सुर्खेत, डडेल्धुरा र कैलाली जिल्लाहरुलाई नमुना छनौट गरी शिशुकक्षा कार्यक्रमको प्रभावकारिताको अध्ययन गरेको रहेछ । उक्त अध्ययनले शिशुकक्षा पढेर प्रा.वि. तहमा पढ्नेको औषत उपलब्धी १५% ले बढी भएको निष्कर्ष निकालेको छ । सोही अध्ययनले पढ्ने लेख्ने सीपको विकास गर्नु अनुसन्धान निर्माण गर्ने, साथी बनाउने, समग्रमा गुणस्तरीय शिक्षाको आधार निर्माण गर्न शिशुकक्षा महत्वपूर्ण भएको पुष्टि गरेको छ (सेरीड २०५५) ।

श्रेष्ठ (२०५८) ले आफ्नो शोधपत्रमा प्रारम्भिक क्रियाकलापमा सहभागी भएका र नभएका बालबालिकाहरुको विद्यालय क्रियाकलापमा कस्तो प्रभाव परेको रहेछ भन्ने सम्बन्धमा तुलनात्मक अध्ययन गर्नु भएको छ । उहाँको अध्ययन विशेष ज्ञानात्मक पक्षको प्राप्तिसँग सम्बन्धित छ । उक्त अध्ययनको लागि सिन्धुपाल्चोक, धादिङ, रसुवा र काठमाडौ जिल्लालाई अध्ययन क्षेत्र बनाउनु भएको रहेछ । अध्ययनको क्रममा अवलोकन र लक्षित समूह छलफललाई सूचना संकलन गरी प्रारम्भिक बालविकास कार्यक्रममा सहभागी नभएका बालबालिकाको तुलनामा सहभागी भएका बालबालिकाहरुले कक्षा १ र २ मा दोहोऱ्याउने अनुत्तीर्ण हुने र बीचैमा विद्यालय छाड्ने दर कम भएको देखाएको छ यसैगरी प्रा.वि. विकास कार्यक्रममा सहभागी भएर प्राथमिक तहमा आउने बालबालिकाहरुको ज्ञानात्मक क्षमता तुलनात्मक रुपमा बढी भएको र उपलब्धी स्तर पनि बढी नै भएको देखाइएको छ (श्रेष्ठ, २०५८) ।

मल्ल र साथीहरुले (२०५४) आफ्नो ग्रन्थमा प्रारम्भिक बाल्यावस्था भनेको मानव वृद्धि र विकासको त्यो अवस्था हो । यो अवस्था बालबालिकामा विकासको महत्व र आवश्यकता किन पर्दछ कस्तो खालको शिक्षा र स्याहार उपयुक्त हुन्छ भन्ने कुरालाई प्रष्ट पार्दै प्रारम्भिक बाल्यावस्था विकासलाइएं परिचित गराउनु भएको छ । यसैगरी बालविकासका पक्षहरु के के हुन् ? सो अवस्थामा विकासका लागि बालबालिकालाई के कस्ता क्रियाकलापमा संलग्न गराउनुपर्दछ भन्ने सैद्धान्तिक अवधारणाहरु प्रस्तुत गर्नु भएको छ । तसर्थ यस्ता बालबालिकाहरुमा सामाजिक, बौद्धिक, शारीरिक, भाषिक वा सुसारे तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरुले के कस्तो भुमिका निर्वाह गर्नुपर्छ भन्ने कुरालाई प्रष्ट पार्नु भएको छ । यसैगरी शिक्षण विधिमा भौतिक व्यवस्थापन अन्तर्गत वन फर्निचर, खेलमैदान, बगैंचाको उचित व्यवस्थापन गर्नुपर्ने कुरा उल्लेख गर्नुभएको छ । यसैगरी शिक्षण विधिमा भौतिक व्यवस्थापन गर्नुपर्ने कुरा उल्लेख गर्नुभएको छ भने सामग्रीको रुपमा समग्र रुपमा इन्द्रिय प्रशिक्षण सम्बन्धि कम मूल्यका श्रव्य दृश्य सामग्रीको प्रयोग गर्नुपर्ने तथा बाल केन्द्रित क्रियाकलाप उन्मख समस्या समाधान व्यक्ति केन्द्रित शिक्षण र कथा कथन विधिको प्रयोग गरी बालबालिकाहरुको चौतर्फी विकासमा सहयोग पुऱ्याउन सकिने कुरा उल्लेख गर्नु भएको छ (मल्ल २०५४) ।

सापकोटा (२०६०) ले आफ्नो शोधपत्रमा चितवन जिल्लाको भरतपुर नगरपालिकालाई अध्ययन क्षेत्र बनाई प्रारम्भिक बाल शिक्षाको प्रयोग सम्बन्धी अध्ययन गर्नुभएको छ । वहाँले ४ वटा सामुदायिक विद्यालयसँगै सञ्चालित नर्सरी, के.जी. र शिशु कक्षाहरुको शिक्षण सिकाई क्रियाकलापका बारेमा अन्तरवार्ताको माध्यमकबाट तथ्याङ्क संकलन गर्नुभएको रहेको छ । उहाँले बालशिक्षाको भौतिक सुविधा, खेलमैदान, बगैंचा खेल सामग्री बगैचा खेल सामग्री, शिक्षण सामग्री पर्याप्त नभएको । साथै सम्पूर्ण गतिविधि कक्षाकोठा भित्र सीमित गरिएको पाइयो । उहाँले बाल शिक्षा सम्बन्धि केही प्रचलित चिन्तनहरु मिसाउदै संस्थाको व्यवस्थापकीय एवं कार्य सम्पादकीय अवस्थाको तुलनात्मक विश्लेषणमा जोड दिदै सामर्थ्य, कमजोरी, अवसर र चुनौतिहरुलाई निष्कर्षको रुपमा प्रस्तुत गर्नुका साथै सिद्धान्त र प्रयोग पक्ष परिमाणात्मक विकास आश लाग्दो भएको निष्कर्ष निकाल्नु भएको छ (सापकोटा, २०६०) ।

खनाल (२०६१) ले आफ्नो शोधपत्रमा प्रारम्भिक बालविकास र पाठ्यक्रम कार्यान्वयन सम्बन्धि अध्ययन गर्नु भएको छ । उहाँले तेह्रथुम जिल्लाका १० वटा बाल विकास केन्द्रलाई नमूना छनोट गरी पाठ्यक्रमको कार्यान्वयनको अवस्था अध्ययन गर्दा पुस्तक मुखी शिक्षण सिकाई भई उद्देश्य अनुरुप पाठ्यक्रम कार्यान्वयन हुन नसकी रहेको भएपनि बालबालिकाहरुको विकासमा भने बालविकास कार्यक्रमले सकारात्मक प्रभाव पारेको निष्कर्ष निकाल्नु भएको छ (खनाल, २०६१) ।

शिक्षा नियमावली (२०५९) मा कुनै संस्थाले शिशु विकास केन्द्र स्थापना गर्न चाहेमा स्वीकृतिको लागि सम्बन्धत गाउँ विकास समिति वा नगरपालिकाले स्वीकृति दिनेछ । शिशु विकास केन्द्र स्थापना गर्न चाहिने पूर्वाधारहरु फराकिलो, खुला शान्त, सुरक्षित भवन भएको, बाल उद्यान तथा सफा र स्वच्छ खानेपानी र शौचालयको व्यवस्था भएको, कम्तीमा दुई जना सुसारेहरु भएको हुनुपर्दछ । आवश्यक प्रक्रिया कागजी रुपमा मात्र पुऱ्याउने बाल विकासको स्वीकृत रद्द गर्न सकिन्छ । शिशु विकास केन्द्रमा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम प्रयोग गर्नुपर्छ । यस्ता शिशु केन्द्रहरुलाई जिल्ला शिक्षा अधिकारको सिफारिसको आधारमा अनुदान दिन सकिन्छ । यी सबै कुराहरु शिक्षा नियमावली (२०५९) को परिच्छेद १२ मा उल्लेख भएको छ (शिक्षा नियमावली, २०५९) ।

पौड्याल (२०६६) ले तयार पार्नुभएको शोधपत्रमा प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता भित्र बालबालिकाहरुको सिकाई उपलब्धिको विश्लेषण, उपस्थिति, सिकाईको तुलना आदिको विश्लेषण गरिएको छ । स्रोत र साधन तथा व्यवस्थापकीय पक्षको बारेमा उक्त शोधपत्र मौन छन् । उक्त रिक्ततालाई पूरा गर्न यो शोधपत्रमा बाल विकास केन्द्रको प्रभावकारी सञ्चालनमा देखिएका समस्याहरुको पहिचान गरी सुझाव प्रस्तुत गर्ने जमर्को गरिएको छ (पौड्याल, २०६६) ।

आचार्य (२०६६) ले शोध शीर्षक मोरङ्ग जिल्ला भित्र पर्ने ईन्द्रपुर स्रोत केन्द्र भित्र संचालित बालविकास केन्द्रले शिक्षण सिकाईमा पारेको प्रभावको बारेमा विश्लेषण गरिएको छ । बाल विकास केन्द्रको अवसर नपाई सिधै विद्यालयमा भर्ना भएका वालवालिकाहरुको शैक्षिक उपलब्धी भन्दा वाल विकास केन्द्र अवसर प्राप्त गरी कक्षा एकमा भर्ना भएका वालवालिकाहरुको शैक्षिक उपलब्धी उच्च रहेको विद्यालयमा नियमितता उच्च रहेको, अतिरिक्त क्रियाकलापमा बढी सहभागिता हुने कुरा अध्ययनको मुख्य प्राप्ति रहेको छ (आचार्य, २०६६) ।

## २.३ अध्ययनको उपदेयता

प्रारम्भिक बालविकासमा महत्वपूर्ण योगदान दिने शिक्षाविदहरु रुसो, फ्रोबेल, मन्टेश्वरी आदिको विचारले यस शोध कार्यलाई दिशाबोध गरेको छ । प्रारम्भिक बालविकास केन्द्रहरु खोल्नुको सैद्धान्तिक अवधारणा यसले प्रष्ट्याएको छ । उक्त दार्शनिक मान्यता तथा सिद्धान्त अनुसार हाम्रा बालविकास केन्द्रहरु सञ्चालित छन् वा छैनन् र तिनका समस्या र समाधानका उपायहरुको स्थिति कस्तो छ ? भनी खोज अनुसन्धान गर्नु आजको ज्वलन्त आवयश्कता सम्बन्धित साहित्यहरुको पुनरावलोकनबाट यस सम्बन्धी भएका खोज अनुसन्धानहरु आएका प्राप्तिले यस शोधकार्यलाई थप मद्दत पुगेको छ । खासगरी पूर्व शोधकार्यहरु प्रारम्भिक बालविकास केन्द्रको शैक्षिक उपलब्धीहरुको तुलनात्मक अध्ययन र यसले माथिल्लो कक्षाहरुमा पारेको प्रभावका सम्बन्धमा केन्द्रीत छन् । तसर्थ यस अध्ययनलाई बालविकास केन्द्रको भौतिक अवस्था, देखिएका समस्या र समाधानका उपायहरुको सम्बन्धमा केन्द्रीत गरिएको छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

यो अध्ययन विद्यालयमा संचालित वा. वि. केन्द्र सँग सम्बन्धित विभिन्न पक्षहरुको टिपोट उठाई वर्णनात्मक रुपमा तुलना र विश्लेषण गरिने हुँदा अध्ययन अनुसन्धानको ढाँचा गुणात्मक र वर्णनात्मक दुवै पद्दतिमा आधारित भई तथ्यहरुलाई परिमाणात्मक रुपमा व्यक्त गरिने छ । दस्तावेजको रुपमा व्यक्तिगत डायरी, छलफल, खुल्ला प्रश्नावली, सर्भेमा प्राप्त प्रतिक्रिया, बन्द प्रश्नवाली अवलोकनलाई समावेश गरिएको छ ।

## ३.२ तथ्याङ्क सङ्कलन प्रक्रिया

### ३.२.१ जनसंख्या

यस अध्ययनका लागि भोजपुर जिल्लाको वालंखा र बयाङ्ग स्रोतकेन्द्रमा विद्यालयमा संचालित १३ वटा वा.वि. केन्द्र र सरोकारवालाहरु यसको अध्ययनको नमूना कूल जनसंख्याको रुपमा लिइएको छ ।

### ३.२.२ नमूनाको आकार

बालंखा र बयाङ्ग स्रोतकेन्द्र अन्तर्गत १३ वटा बा.वि. केन्द्र मध्येबाट ४ वटा बा.वि. केन्द्रलाई छनौट गरिएको छ । ती बा.वि. केन्द्रमध्येबाट बा.वि. केन्द्रबाट कक्षा एकमा आएका ५/५ जनाको दरले २० जना बालबालिकाहरु, सिधै कक्षा एकमा आएका ५/५ जनाको दरले २० जना बालबालिकाहरु, १/१ जनाको दरले ४ जना सहयोगी कार्यकर्ता, १/१ जनाको दरले ४ जना प्रधानाध्यापक, २/२ जनाको दरले ८ जना अभिभावक, २ जना स्रोत व्यक्ति र १/१ जनाको दरले ४ जना वि.व्य.स. अध्यक्षलाई नमूनाको रुपमा छनौट गरिएको छ ।

### ३.२.३ नमूना छनौटको विधि

१३ वटा बा.वि. केन्द्रहरुमध्ये ४ वटा बालविकास केन्द्रहरु सम्भावनायुक्त नमुना छनौट विधि प्रयोग गरी अध्ययन गरिएको छ ।

### ३.२.४ नमूना छनौटको आधार

भोजपुर जिल्लामा हाल भएका १८ वटा स्रोत केन्द्र अन्तर्गत १६१ वटा बाल विकास केन्द्रहरु सञ्चालित छन् । यस्तो अवस्थामा सम्पूर्ण क्षेत्रमा गई अध्ययन गर्न साधन र स्रोतले नभ्याउने भएकाले भोजपुर जिल्लाको बालंखा र बयाङ्ग स्रोत केन्द्रलाई लिइएको छ । भौगोलिक आधार, कार्यक्षेत्र, सूचना तथा समावेशी आदिका आधारमा एउटा स्रोत केन्द्रमा २ वटा बालविकास केन्द्र पर्ने गरी जम्मा ४ वटा बा.वि. केन्द्रलाई छनौट गरिएको छ ।

## ३.३ अनुसन्धानका साधन

यस अनुसन्धानमा अन्तर्वार्ता, प्रश्नावली फारम, तथ्याङ्क संकलन फारम, छलफल, अभिलेख अध्ययन समावेश गरिने छ ।

**क)** **अन्तर्वार्ताः** अन्तर्वार्ताका लागि तयार गरिएको लिखित प्रश्नावलीलाई अन्तर्वार्ता अनुसूची भनिन्छ । यस अध्ययनका लागि छनौटमा परेका सरोकारवालाहरुसँग प्रत्यक्ष रुपमा अन्तर्वार्ता लिई तथ्याङ्क संकलन गरिएको छ । जसलाई अनुसूची ३ मा राखिएको छ ।

**ख)** **प्रश्नावलीः** यस अध्ययन प्रयोजनका लागि छनौटमा परेका अभिभावक, स्रोत व्यक्ति, सहयोगी कार्यकर्ता, वि.व्य.स. अध्यक्ष का लागि प्रश्नावली प्रयोग गरिएको छ । जसलाई अनुसूची १, २, ५ र ६ मा समावेश गरिएको छ ।

**ग)** **अवलोकन फारम :** यस अन्तर्गत बालबालिकाहरुको भौतिक, शैक्षिक, आर्थिक, सरसफाई, अतिरिक्त क्रियाकलाप, मानसिक विकास र सामाजिक व्यवहारका लागि प्रयोग गरिएका फारमहरु पर्दछन् । जसलाई अनुसूची ४ र ७ मा राखिएको छ ।

**घ)** **अभिलेख अध्ययनः** बालबालिकाहरुको सिकाई उपलब्धी दैनिक हाजिरी खाता, संचित अभिलेख र प्रगति विवरण जस्ता अभिलेखहरु प्राप्त गर्न अभिलेखको अध्ययन गरिएको छ ।

## ३.४ तथ्याङ्कका स्रोतहरु

यस अध्ययनको लागि निम्न प्रकारका तथ्याङ्कका स्रोतको उपयोग गरिएको छ ।

**क)** **प्राथमिक स्रोतहरुः** अन्तर्वार्ता, प्रश्नावली, अवलोकनबाट प्राप्त तथ्याङ्कहरु पर्दछन् ।

ख)	द्वितीय स्रोत : विद्यार्थीको प्रगति विवरण, मार्कलेजर, हाजिरीबही, विद्यालयमा रहेको विद्यालय अभिलेख पुस्तक, पत्रपत्रिका आदिबाट प्राप्त तथ्याङ्कहरु पर्दछन् ।

## ३.५ तथ्याङ्कको प्रस्तुति, विश्लेषण र व्याख्या

यस अध्ययनमा तथ्याङ्कको व्याख्या विश्लेषण प्रक्रियाको लागि तालिकीकरण, स्तम्भचित्र, प्रतिशत आदिको उपयोग गरिएको छ । प्रश्नावली, अन्तरवार्ता, प्रत्यक्ष अवलोकन र अभिलेख अध्ययनबाट प्राप्त गरिएको तथ्य तथ्याङ्कहरुलाई गुणात्मक र वर्णनात्मक तरिकाले विश्लेषण गरिएको छ ।

# परिच्छेद चार

## तथ्याङ्कको व्याख्या र विश्लेषण

प्रारम्भिक बाल्यावस्थाका बालबालिकाको सर्वाङ्गीण विकासका लागि उचित वातावरण प्रदान गर्न सकेमा मात्र उनीहरु पूर्ण मानव बन्न सक्छन् । त्यसबाट मात्र देशलाई आवश्यक पर्ने जनशक्तिको परिपूर्ति सम्भव छ । यसका लागि प्रारम्भिक बालविकास कार्यक्रमको प्रमुख भुमिका रहन्छ । यसै यथार्थलाई आत्मसात गर्दै भोजपुर जिल्लामा रहेका बालंखा र बयाङ्ग स्रोत केन्द्रमा रहेका ४० वटा विद्यालयमध्ये बालविकास कार्यक्रम सञ्चालन भइरहेका १३ वटा विद्यालयबाट ४ वटा विद्यालय छनोट गरिएको छ । स्थलगत अध्ययन पश्चात बालबालिकाहरुमा प्रारम्भिक बालविकास कार्यक्रमले पारेको प्रभावलाई निम्न अनुसारका साधनको प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ ।

४.१ बालबालिकाहरुको शैक्षिक उपलब्धि विश्लेषण तोकिएको निश्चित कक्षामा, निश्चित समयावधी भित्रमा निश्चित परिधिभित्र रहेर बालबालिकाहरुले प्राप्त गरेको ज्ञान, सीप र क्षमतालाई शैक्षिक उपलब्धि मान्न सकिन्छ । यहाँ शैक्षिक उपलब्धि, बालबालिकाहरुको अन्य उपलब्धिहरुलाई विश्लेषण गर्दा निम्न अवस्था रहेको पाइयो ।

### ४.१.१ कक्षा एकका बालबालिकाहरुको विषयगत औषत उपलब्धि विश्लेषण

बालविकास केन्द्रबाट कक्षा एकमा भर्ना भएका र सिधै कक्षा एकमा भर्ना भएका बालबालिकाहरुको २०६६ सालको विषयगत औषत उपलब्धि निम्न अनुसार प्राप्त भयो ।


**तालिका १**
**विषयगत औषत उपलब्धी विश्लेषण**

| क्र. सं. | विषय | पूर्णाङ्क | वा.वि.केन्द्रबा कक्षा एकमा भर्ना भएका बालबालिकाहरुको विषयगत औषत उपलब्धि | सिधै कक्षा एकमा भर्ना भएका बालबालिकाहरुको विषयगत औषत उपलब्धी |
|---|---|---|---|---|
| १. | नेपाली | १०० | ७५ | ६५ |
| २. | अंग्रेजी | १०० | ५० | ४० |
| ३. | गणित | १०० | ६० | ५५ |
| ४. | सामाजिक तथा सिर्जनात्मक कला | १०० | ७० | ६० |
| ५. | विज्ञान/स्वास्थ्य र शारीरिक शिक्षा | १०० | ६९ | ५८ |
| ६. | स्थानिय विषय | १०० | ६५ | ५० |

स्रोत : विद्यालयको मार्क लेजर २०६६

माथिको तालिकालाई तलको रेखाचित्रमा देखाइएको छ ।

चित्र नं. १
बा.वि.केन्द्रबाट आएका र कक्षा एकमा सिधै भर्ना भएका बालबालिकाहरुको विषयगत औसत प्राप्ताङ्क




माथिको तालिका र स्तम्भचित्रबाट प्रारम्भिक बालविकास कार्यक्रमको सिधै कक्षा १ मा भर्ना भएका बालबालिकाहरुको विषयगत औषत प्राप्ताङ्क भन्दा बालविकास केन्द्रबाट आएका बालबालिकाहरुको औषत प्राप्ताङ्क उच्च रहेको स्पष्ट देखिन्छ । उक्त तालिका र स्तम्भचित्रमा कक्षा १ मा समावेश ६ वटै विषयहरुमा बालविकास केन्द्रबाट आएका र सिधै भर्ना भएका बालबालिकाको औसत प्राप्ताङ्क नेपालीमा ७५ र ६५ अंग्रेजीमा ५० र ४० गणितमा ६० र ५५, सामाजिक तथा सि.क.मा ७० र ६०, विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षामा ६९ र ५८, स्थानीय विषयमा ६५ र ५० रहेको छ । जसमध्ये वा.वि. केन्द्रबाट आएका बालबालिकाले नेपालीमा सबैभन्दा उच्च औसत अंक ७५ प्राप्त गरेका छन् भने यस विषयमा सिधै भर्ना भएका बालबालिकाले औसत अंक ६५ प्राप्त गरेका छन् । यसबाट यो प्रष्ट हुन्छ कि सिधै भर्ना भएका बालबालिकाहरुको तुलनामा बा.वि. केन्द्रबाट आएका बालबालिकाहरुको सिर्जनात्मक तथा रचनात्मक क्षमता धेरै उच्च रहेको छ । यसबाट फ्रोचेले भने झै बालमैत्री वातावरणमा हुर्काइएका बालबालिकाहरुको शैक्षिक उपलब्धि उच्च देखिएको छ ।

### ४.१.२ विद्यालय उपस्थितिको तुलना

कक्षा एकमा सिधै भर्ना भएका र बा.वि. केन्द्रबाट आएका बालबालिकाहरुको उपस्थिति विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका २**

**बा.वि. केन्द्रबाट आएका र सिधै कक्षा १ मा भर्ना भएका बालबालिकाहरुको औसत उपस्थिति**


| क्र. सं. | विद्यालयको नाम | विद्यालय खुलेको दिन | बा.वि. केन्द्रबाट आएका बालबालिकाको औसत उपस्थिति | सिधै भर्ना भएका बालबालिकाको औसत उपस्थिति |
|---|---|---|---|---|
| १ | शिक्षा ज्योति नि.मा.वि. | द्दण ण | ज्ञछ्र | ज्ञद्दण |
| २ | जनकल्याण प्रा.वि. | द्दण ण | ज्ञटण | ज्ञछ्र |
| ३ | सरस्वती नि.मा.वि. | द्दण छ | ज्ञछ्ष | ज्ञद्द छ |
| ४ | चण्डेश्वर उच्च मा.वि. | द्दण छ | ज्ञटज्ञ | ज्ञद्द ढ |

स्रोतः विद्यालयको शैक्षिक क्यालेन्डर २०६६ विद्यालयको हाजिरीखाता २०६६

उपयुक्त तालिकालाई तलको रेखाचित्रमा देखाइएको छ ।

**चित्र नं. २**

**बा.वि.बाट आएका र सिधै भर्ना भएका बालबालिकाहरुको औसत उपस्थिति**



माथिको तालिका र स्तम्भ चित्रमा बालविकास कार्यक्रमको बालविकास केन्द्रबाट आएका बालबालिकाहरुको विद्यालयमा उपस्थिति सिधै भर्ना भएका बालबालिकाहरुको भन्दा उच्च देखिन्छ । अध्ययन गरिएका ४ वटै विद्यालयमा बा.वि. केन्द्रबाट आएका बालबालिकाको उपस्थिति राम्रो पाइयो । बा.वि. केन्द्रबाट आएका बालबालिकाको २०६६ सालको उच्च औसत उपस्थिति १६१ दिन र न्यून औसत उपस्थिति १५५ दिन देखिन्छ । सिधै भर्ना भएका बालबालिकाको उच्च उपस्थिति दिन १५० र न्यून औसत उपस्थिति १४० देखिन्छ । यसबाट प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाहरुमा विद्यालय जाने बानीको विकास गराउँछ भन्ने कुरा पुष्टि हुन्छ । प्रकृतिवादले भने जस्तै स्वतन्त्र वातावरणमा स्वतन्त्र क्रियाकलापको अवसर पाएका बालबालिकाहरुको विद्यालय उपस्थिति उच्च देखिएको छ । बा.वि. केन्द्रबाट आएका बालबालिकाहरुको विद्यालय जाने वानीको विकास भएकै कारणले उपस्थिति उच्च देखिन्छ ।

### ४.१.३ कक्षाकोठा अवलोकन

अध्ययनको क्रममा कक्षा अवलोकन गर्दा बालबालिकाहरुको निम्न लिखित व्यवहार र सीपको अवलोकन गरिएको थियो ।


**तालिका नं. ३**

**बा.वि. केन्द्रबाट आएका बालबालिकाहरुको व्यवहार र सीप विकासको अवस्था**

| क्र.सं. | विषयवस्तु | बा.वि. केन्द्रबाट आएका बालबालिकाहरु | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
| १ | बोलाइ सीपको विकास | ज्ञ्द | टण | छ | द्छ | घ | ज्ञ्छ |
| २ | सुनाइ सीपको विकास | ज्ञ्छ | ठछ | छ | द्छ | | |
| ३ | लेखाइ सीपको विकास | ज्ञ्द्ध | ठण | छ | द्छ | ज्ञ | छ |
| ४ | सामाजिक विकास | ज्ञड | ढण | द् | ज्ञण | | |
| ५ | वातावरण बुझ्ने सीपको विकास | ज्ञ्छ | ठछ | घ | ज्ञ्छ | द् | ज्ञण |
| ६ | जिज्ञासुपनको विकास | ज्ञण | छ्ण | छ | द्छ | छ | द्छ |
| ७ | नक्कल गर्ने सीपको विकास | ज्ञ्द | टण | ड | द्धण | | |
| ८ | संगठनात्मक सीपको विकास | ज्ञण | छ्ण | छ | द्छ | छ | द्छ |

स्रोत स्थलगत सर्वेक्षण २०६६

## चित्र नं. ३
## बा.वि. केन्द्रबाट आएका बालबालिकाहरुको सीप विकासको अवस्था





## तालिका नं. ४
## सिधै भर्ना भएका बालबालिकाहरुको व्यवहार र सीप विकासको अवस्था

| क्र.सं. | विषयवस्तु | बा.वि. केन्द्रबाट आएका बालबालिकाहरु | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
| १ | बोलाइ सीपको विकास | | | ज्ञछ | ठछ | छ | द्दछ |
| २ | सुनाइ सीपको विकास | छ | द्दछ | ज्ञण | छ्ण | छ | द्दछ |
| ३ | लेखाइ सीपको विकास | ट | घण | ज्ञण | छ्ण | द्ध | द्दण |
| ४ | सामाजिक विकास | | | छ | द्दछ | ज्ञछ | ठछ |
| ५ | वातावरण बुझ्ने सीपको विकास | | | ज्ञण | छ्ण | ज्ञण | छ्ण |
| ६ | जिज्ञासुपनको विकास | द्द | ज्ञण | छ | द्दछ | ज्ञघ | टछ |
| ७ | नक्कल गर्ने सीपको विकास | छ | द्दछ | ज्ञण | छ्ण | छ | द्दछ |
| ८ | संगठनात्मक सीपको विकास | | | ज्ञद्ध | ठण | ट | घण |

स्रोत: स्थलगत सर्वेक्षण २०६६

उपयुक्त तालिकालाई तलको रेखात्रिमा देखाइएको छ ।

**चित्र नं. ४**
**सिधै भर्ना भएका बालबालिकाहरुको सीप विकासको अवस्था**




माथिको तालिका र स्तम्भचित्रको व्याख्या विश्लेषण गर्दा प्रारम्भिक बालविकास कार्यक्रमबाट आएका बालबालिका सिधै भर्ना भएका बालबालिकाको भन्दा व्यवहार र सीप विकास राम्रो देखिन्छ । बा.वि. केन्द्रबाट आएका बालबालिकाहरुको सुनाइ, बोलाइ, लेखाइ, सामाजिक विकास, वातावरण बुझ्ने सीप उच्च रहेको पाईन्छ । सिधै भर्ना भएका बालबालिकाहरुको सुनाइ, बोलाइ, लेखाइ, सामाजिक विकास, वातावरण बुझ्ने सीप मध्यम तथा न्यून रहेको पाइयो । यसैगरी ताकिलामा उल्लेखित अन्य सीप तथा व्यवहारमा पनि बा.वि. केन्द्रबाट आएका बालबालिकामध्ये बहुसंख्यक बालबालिकाको अवस्था उत्तम पाइएको छ । प्रयोजनवादको शैक्षिक अवधारणामा भनिएको छ “पूर्व प्राप्त अनुभवहरुले पुनर्निर्माण गर्न शिक्षा” यहाँ पनि प्रारम्भिक शिक्षा प्राप्त गरेका बालबालिकाहरुले पछिल्लो शिक्षामा उल्लेख्य प्रगति गरेको स्पष्ट भएको छ ।

४.१.४ अतिरिक्त क्रियाकलाप सम्बन्धी सीप विकासको अवस्था प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाको अतिरिक्त क्रियाकलाप सम्बन्धी सीप विकासमा पारेको प्रभावलाई अध्ययन गर्न स्थलगत सर्वेक्षणबाट प्राप्त सूचनालाई तलको तालिकामा देखाइएको छ ।


**तालिका नं. ५**

| क्र. सं. | विषयवस्तु | बा.वि. केन्द्रबाट आएका बालबालिकाहरु | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | न्यून | प्रतिशत |
| १ | खेल्ने सीप | ज्ञछ | ठछ | छ | द्दछ | | |
| २ | गाउने सीप | ज्ञट | डण | द्ध | द्दण | | |
| ३ | नाच्ने सीप | ज्ञद्द | टण | ड | द्धण | | |
| ४ | चित्र बनाउने सीप | ड | द्धण | ठ | घछ | छ | द्दछ |
| ५ | अभिनय गर्ने सीप | ज्ञद्द | टण | द्ध | द्दण | द्ध | द्दण |

स्रोत : स्थलगत सर्वेक्षण २०६६

उक्त तालिकालाई तलको रेखाचित्रमा देखाइएको छ ।

चित्र नं. ५




**तालिका नं .६**


**अतिरिक्त क्रियाकलाप सम्बन्धी सीप विकास (सिधै भर्ना भएका बालबालिकाहरु)**

| क्र. सं. | विषयवस्तु | सिधै भर्ना भएका बालबालिकाहरु | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | न्यून | प्रतिशत |
| १ | खेल्ने सीप | ड | द्धण | ज्ञण | छण | द्द | ज्ञण |
| २ | गाउने सीप | छ | द्दछ | ज्ञण | छण | छ | द्दछ |
| ३ | नाच्ने सीप | ट | घण | ज्ञद्द | टण | द्द | ज्ञण |
| ४ | चित्र बनाउने सीप | | | छ | द्दछ | ज्ञछ | ठछ |
| ५ | अभिनय गर्ने सीप | ज्ञ | छ | छ | द्दछ | ज्ञद्ध | ठण |

स्रोत : स्थलगत सर्वेक्षण २०६६

उपयुक्त तालिकालाई तलको रेखाचित्रमा देखाइएको छ ।

**चित्र नं. ६**
**अतिरिक्त क्रियाकलाप सम्बन्धी विकास (सिधै भर्ना भएका बालबालिकाहरु)**




माथिको तालिका र स्तम्भ चित्रबाट प्रारम्भिक बालविकास कार्यक्रमको अवसर पाएका बालबालिकाहरु अतिरिक्त क्रियाकलापका विभिन्न सीपहरु जस्तै खेल्ने सीप, गाउने सीप, नाच्ने सीप र अभिनय गर्ने सीपमा सिधै भर्ना भएका बालबालिकाहरुको तुलनामा उच्च रहेको स्पष्ट हुन्छ । मण्टेश्वरीले भनेकी छिन् ज्ञानको प्रवेशद्वार नै ज्ञानेन्द्रिय भएकोले ज्ञानेन्द्रियलाई विशेष तालिम दिनु पर्दछ । यसरी तालिमको व्यवस्था गर्नाले शरीरका इन्द्रियहरु मजबुत बन्दै जान्छन् र बालकलाई पूर्ण हुन निकै सहयोग पुऱ्याउँदछ । प्रारम्भिक बालविकास कार्यक्रमका बालबालिकाले पनि खेल विधिबाट सिक्ने अवसर पाएकाले उनीहरुको इन्द्रियहरु मजबुत भएको र अतिरिक्त क्रियाकलापमा सिधै भर्ना भएर आएका बालबालिकाहरुको भन्दा बा.वि. केन्द्रबाट आएका बालबालिकाहरुको विकास उच्च देखिएको छ ।

### ४.१.५ बालबालिकाको सामाजिक विकासको अवस्था

प्रारम्भिक बालविकास कार्यक्रमबाट आएका र सिधै भर्ना भएका बालबालिकाहरुको सामाजिक विकासको अवस्था तुलना गर्न स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्कहरुलाई निम्न अनुसारका तालिकामा देखाइएको छ ।

**तालिका नं. ७**

**सामाजिक व्यवहार सम्बन्धी सीप विकास (बा.वि. बाट आएका बालबालिकाहरु)**

| क्र. सं. | विषयवस्तु | बा.वि. केन्द्रबाट आएका बालबालिकाहरु | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | न्यून | प्रतिशत |
| १ | अरुलाई आदर गर्ने सीप | ज्ञछ | ठछ | छ | द्छ | | |
| २ | आफूभन्दा सानालाई माया गर्ने सीप | ज्ञद् | टण | ड | द्धण | | |
| ३ | मिलेर बस्ने सीप | ज्ञण | छण | ड | द्धण | द् | ज्ञण |
| ४ | आफ्नो परिवारको नाम भन्ने सीप | ज्ञट | डण | द्ध | द्ण | | |
| ५ | आफ्नो साथीहरुको नाम भन्ने सीप | ज्ञठ | डछ | घ | ज्ञछ | | |

स्रोतः स्थलगत सर्वेक्षण २०६६

**तालिका नं. ८**

**सामाजिक व्यवहार सम्बन्धी सीप विकास (सिधै भर्ना भएका बालबालिकाहरु)**

| क्र. सं. | विषयवस्तु | सिधै भर्ना भएका बालबालिकाहरु | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | न्यून | प्रतिशत |
| १ | अरुलाई आदर गर्ने सीप | ट | घण | छ | द्छ | ढ | द्धछ |
| २ | आफूभन्दा सानालाई माया गर्ने सीप | द्ध | द्ण | ज्ञण | छण | ट | घण |
| ३ | मिलेर बस्ने सीप | ज्ञ | छ | ठ | घछ | ज्ञद् | टण |
| ४ | आफ्नो परिवारको नाम भन्ने सीप | द् | ज्ञण | ड | द्धण | ज्ञण | छण |
| ५ | आफ्नो साथीहरुको नाम भन्ने सीप | घ | ज्ञछ | ठ | घछ | ज्ञण | छण |

स्रोतः स्थलगत सर्वेक्षण २०६६

माथिको तालिकाबाट सिधै भर्ना भएका बालबालिकाहरुको तुलनामा बा.वि. केन्द्रबाट आएका बालबालिकाहरुको सामाजिक व्यवहार सम्बन्धी सीप विकास उच्च रहेको पाइयो । छनोटमा परेका बालबालिकाहरुमध्ये बा.वि. केन्द्रबाट आएका बालबालिकाहरुले आदर गर्ने, सानालाई माया गर्ने, परिवार तथा साथीहरुको नाम भन्ने जस्ता कुराहरु सिधै भर्ना भएका बालबालिकाहरुको तुलनामा उच्च रहेको पाईन्छ । प्रयोजनवादले शिक्षालाई एउटा सामाजिक प्रकृयाका रुपमा लिन्छ । शिक्षाले मानिसलाई आत्मनिर्भर योग्य र सामाजिक नागरिक

बनाउँछ भन्ने अवधारणा प्रारम्भिक बालविकास कार्यक्रमबाट आएका बालबालिकामा देखिएको सामाजिक विकासवाट पुष्टि भएको छ ।

**४.१.६ सरसफाइ सम्बन्धि सीप विकासको अवस्था बालबालिकाहरुको सरसफाइ सम्बन्धि सीप विकासको अवस्थालाई तलको तालिका देखाइएको छ ।**


**तालिका नं. ९**
**सरसफाइ सम्बन्धि सीप विकास (बा.वि. केन्द्रबाट आएका बालबालिकाहरु)**

| क्र.सं. | विषयवस्तु | बा.वि.केन्द्रबाट आएका बालबालिकाहरु | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
| १ | व्यक्तिगत सरसफाई | ज्ञछ | ठछ | छ | द्दछ | | |
| २ | कक्षाकोठा सरसफाइ | ज्ञद्ध | ठण | ट | घण | | |
| ३ | खानेकुराको सरसफाइ | ज्ञण | छ्र | ज्ञण | छ्र | | |

स्रोतः स्थलगत सर्वेक्षण २०६६

उक्त तालिकालाई तलको रेखाचित्रमा देखाइएको छ ।

**चित्र नं. ७**



**तालिका नं .१०**

**सरसफाइ सम्बन्धित सीप विकास (सिधै भर्ना भएका बालबालिकाहरु)**

| क.सं. | विषयवस्तु | बा.वि.केन्द्रबाट आएका बालबालिकाहरु | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
| १ | व्यक्तिगत सरसफाई | छ | द्छ | छ | द्छ | ज्ञण | छ्ण |
| २ | कक्षाकोठा सरसफाइ | द्द | ज्ञण | छ | द्छ | ज्ञघ | टछ |
| ३ | खानेकुराको सरसफाइ | | | ड | द्धण | ज्ञद्द | टण |


स्रोतः स्थलगत सर्वेक्षण २०६६

उक्त तालिकालाई तलको रेखाचित्रमा देखाइएको छ।

चित्र नं. ८

सरसफाइ सम्बन्धि सीप विकास

(सिधै भर्ना भएका बालबालिकाहरु)




माथिको सरसफाइ सम्बन्धी तालिका र स्तम्भचित्रमा व्यक्तिगत सरसफाइ, कक्षाकोठाको सरसफाइ र खानेकुराको सरसफाइ जस्ता सरसफाइ सम्बन्धि बानी व्यवहारको अध्ययन तथा विश्लेषण प्रारम्भिक बालबाविकास कार्यक्रमको अवसर प्राप्त बालबालिकाहरुले सिधै भर्ना भएका बालबालिकाहरुको तुलनामा बढी ध्यान दिएको पाइयो । बा.वि. केन्द्रबाट आएका बालबालिकाहरुले व्यक्तिगत सरसफाइ र कक्षाकोठाको सरसफाइमा बढी ध्यान दिएको पाइयो । त्यसैगरी सिधै भर्ना भएका बालबालिकाहरुले व्यक्तिगत सरसफाइ, कक्षाकोठाको सरसफाइ र खानेकुराको सरसफाइमा कम ध्यान दिएको पाइयो । प्रकृतिवादले मानवीय प्रकृतिमा जोड दिएको छ तर बौद्धिकतामा होइन । स्वतन्त्र वातावरण सिक्ने

अवसर दिएमा मात्र बालबालिकाहरुको सर्वाङ्गीण विकास हुन सक्दछ भन्ने प्रकृतिवादको अवधारणा प्रारम्भिक बालविकासको अवसर प्राप्त बालबालिकाहरुले सरसफाइप्रति देखाइएको सचेतनाले पुष्टि गरेको छ ।

४.१.७ बालविकास केन्द्रमा सरसफाइ सम्बन्धि गराइने क्रियाकलाप बालबालिकाको सरसफाइ सम्बन्धि गराउने क्रियाकलापको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ११**
**सरसफाइ सम्बन्धि क्रियाकलाप**

| क्र.सं. | क्रियाकलाप | प्रयोग हुने सामग्री |
|---|---|---|
| १ | नङ काट्न | नेल कटर |
| २ | हातमुख धुन | साबुन, पानी |
| ३ | दाँत माझ्न | ब्रस, दन्त मञ्जन |
| ४ | कपाल कोर्न | काइयो |
| ५ | कक्षाकोठा सफ ागर्न | झाडु, फोहोर फ्याँक्ने |

स्रोतः स्थलगत सर्वेक्षण २०६६

छनोटमा परेका बालविकास केन्द्रमा स.का.ले नङ काछ्न, हातमुख धुन, कपाल कोर्न दाँत माझ्ने जस्ता अभ्यास गर्न लगाएको पाइयो । जसबाट बा.वि.मा भर्ना भएका बालबालिकाहरु व्यक्तिगत सरसफाइका क्रियाकलापहरुमा अभ्यस्त भएको पाइयो ।

## ४.२ बालविकास केन्द्रको भौतिक अवस्था

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गरेका विद्यालयहरुको भौतिक अवस्था अध्ययन गर्ने क्रममा नमूना छनोटमा परेका विद्यालयहरुका बालविकास कार्यक्रमसँग सम्बन्धित कक्षाकोठा फर्निचर, खेलमैदान, शौचालय, पिउने पानीको अवस्थालाई अध्ययन गरिएको छ ।

### क) कक्षाकोठाको अवस्थाः

नमुना छनौटमा परेका प्रत्येक विद्यालयले बालविकास कार्यक्रम सञ्चालनका लागि छुट्टै १ वटा कोठाको प्रबन्ध गरेको पाइयो । छनौटमा परेका बा.वि. केन्द्रमध्ये ३ वटा बा.वि. केन्द्रको कक्षाकोठा कक्षा १ सँग जोडिएको पाइयो र १ वटा बा.वि. केन्द्रको कक्षाकोठा छुट्टै रहेको पाइयो । नमुना छनौटमा परेका बा.वि. केन्द्र मध्ये ३ वटा बा.वि.

केन्द्रका कक्षाकोठामा सिलिङ्ग नछापिएको पाइयो । ३ वटा बा.वि. केन्द्रका कक्षाकोठाहरुमा आवश्यक पर्ने झ्यालढोकाको व्यवस्था गरेको पाइयो र २ वटा बा.वि. केन्द्रका कक्षा कोठाहरु विद्यार्थी संख्याको आधारमा अलिक ठूला देखिन्छन् । कक्षाकोठाका भित्ताहरु चुनाले पोतिएको र भित्तामा पोष्टर, पम्प्लेट चित्र खासै नराखेको पाइयो । बा.वि.केन्द्रका कक्षाकोठाहरुभमध्ये २ वटा केन्द्रका कक्षाकोठाहरु रंगरोगनको व्यवस्था भएको पाइयो बाँकी २ वटा केन्द्रका कक्षाकोठाहरु त्यति आकर्षक छैनन् । बा.वि. केन्द्रका कक्षाकोठाको अवस्था खासै सन्तोषजनक रुपमा नरहेको पाइयो ।

**ख) फर्निचरको अवस्थाः**

अध्ययनको लागि नमूना छनौटमा परेका बालविकास केन्द्रहरुको फर्निचर सम्बन्धी अध्ययन गर्दा केन्दमा आवश्यक पर्ने डेक्स, बेन्च, कुर्सी, दराज, कालोपाटी, गुन्द्री आदि सामग्रीहरु रहेको पाइयो । जसमध्ये बालबालिकाहरुका लागि अवय केन्द्रले डेक्स बेन्चको प्रयोग गरेको पाइयो र १ वटा केन्द्रले गुन्द्रीको प्रयोग गरेको पाइयो । प्रत्येक बा.वि. केन्द्रका लागि १/१ वटा कालोपाटीको व्यवस्था गरेको पाइयो । ३ वटा केन्द्रमा रहेका डेक्स र बेन्चहरु बालबालिकाहरुको स्तरसँग खासै नमिल्दा रहेका पाइयो । हाजिरी खाता र अन्य सामग्रीहरु राख्नका लागि विद्यालय अफिस कोठा नै प्रयोग गरेको पाइयो ।

**ग) खेल मैदानको अवस्थाः**

अध्ययनको क्रममा छनौटमा परेका बालविकास केन्द्रमा रहेका बालबालिकाहरुका लागि छुट्टै खेलमैदान नभएको पाइयो । विद्यालयमै र विद्यालय समयमा बा.वि. केन्द्र सञ्चालन भएकोले बा.वि. केन्द्रका बालबालिकाहरु सकहयोगी कार्यकर्ताले अरु कक्षाहरु खेल्ने खेल मैदानको छेउमा लगेर खेलाइएको पाइयो ।

**घ) शौचालयको अवस्थाः**

नमुना छनौटमा परेका बा.वि. केन्द्रहरुमा प्रयोग गरिने शौचालयको अवस्था अध्ययन गर्दा २ वटा बा.वि. केन्द्रमा रहेका बालबालिकाहरुका लागि छुट्टै शौचालय भएको र बाँकी २ वटा केन्द्रका बालबालिकाहरुका लागि शौचालयको व्यवस्था नगरिदिएको पाइयो । सहयोगी कार्यकर्ताको लागि विद्यालयका शिक्षक तथा कर्मचारीले प्रयोग गरेको शौचालय नै

प्रयोग गरेको पाइयो । प्रयोग गरिएका शौचालयहरुमा बाहिरबाट पानी बोकेर लानपर्ने देखिन्छ । शौचालयहरुमा फोहोर, मैला बढी छ । कलिला बालबालिकाहरुका लागि प्रयोग गरिने खालका त्यति उपयोगी शौचालयहरु नरहेको पाइयो । शौचालय भएका बा.वि. केन्द्रहरुमा छात्रछात्राहरुको लागि छुट्टाछुट्टै शौचालय नभई एउटै शौचालय प्रयोग गरेको पाइयो ।

### ङ) पिउने पानीको अवस्था

अध्ययनको क्रममा नमूना छनौटमा परेका बा.वि. केन्द्रहरुमा शुद्ध पिउने पानीको व्यवस्था नरहेको पाइयो । ४ वटा बा.वि. केन्द्रमध्ये एउटा बा.वि. केन्द्रको खानेपानीको धारा विद्यालय कम्पाउण्ड भन्दा बाहिर रहेको पाइयो । ३ वटा केन्द्रहरुमा पनि धारा कै पानी प्रयोग गरिएको र खानेपानी विद्यालय कम्पाउण्ड भित्र रहेको पाइयो । नमुना छनौटमा परेका ४ वटा बा.वि. केन्द्रका कक्षाकोठामा पानीको व्यवस्था छैन् । पानीको प्रयोग गर्नुपर्दा विद्यालयको खानेपानी रहेको ठाउँबाट लानुपर्ने र केही बा.वि. केन्द्रमा त्यही गएर खानुपर्ने अवस्था देखियो । ४ वटा बा.वि. केन्द्रमै फिल्टरको प्रयोग नभएको र पानी राख्नको लागि गाग्रीको प्रयोग गरेको पाइयो । उमालेको पानीको प्रयोग गर्नुपरेमा आफै घरबाट ल्याउनुपर्ने देखिन्छ साथै ४ वटा बा.वि. केन्द्रहरुमा उचित खानेपानीको व्यवस्थ नरहेको पाइयो ।

## ४.३ बालविकास केन्द्रमा देखिएका समस्याहरु

बा.वि. केन्द्रमा आउने साना बालबालिकाहरुको लागि उनीहरुको स्तर सुहाउँदो आवश्यक भौतिक तथा शैक्षिक सामग्रीको आवश्यकता पर्दछ । खेलको माध्यम तथा प्रयोगात्मक तरिकाले बालबालिकाहरुको उपयुक्त बानीको विकास गराउनु पर्दछ भनी बा.वि. निर्देशिकाले उल्लेख गरेको छ । प्रारम्भिक बाल्यावस्थाका बालबालिकाहरुमा सामाजिक, बौद्धिक, शारीरिक र संवेगात्मक पक्षको विकास गरी राष्ट्रका निम्ति कर्णधार बालबालिका पक्षको विकास गरी राष्ट्रका निम्ति कर्णधार बालबालिकाहरुका हकहित एवं अधिकारको संरक्षण र संवर्द्धन गर्न तथा वातावरणीय सामञ्जस्य कायम गर्दै बाँच्नका लागि सामाजिक रुपमा घुलमिल हुने, आधारभूत सीपको विकास गर्ने उद्देश्यले सञ्चालन गरिएको प्रारम्भिक बालविकास कार्यक्रम बालबालिकाको सर्वाङ्गीण विकास लागि निकै उपयोगी देखियो । यद्यपि यो कार्यक्रम सञ्चालन गर्न त्यति सजिलो छैन । छनौटमा परेका विद्यालयहरुले विभिन्न

समस्याहरुसँग संघर्ष गर्दै यो कार्यक्रम सञ्चालन गरेको पाइयो । अध्ययनको क्रममा सहयोगी कार्यकर्ता, प्रधानाध्यापक, शिक्षक, अभिभावकहरुसँगको छलफल तथा स्थलगत अवलोकनबाट प्राप्त सूचनाका आधारमा कार्यक्रम सञ्चालनमा देखा परेका समस्याहरुलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

### ४.३.१ भौतिक व्यवस्थापन सम्बन्धी समस्याः

#### (क) कक्षा कोठा

वा.वि. केन्द्रमा अध्ययनका लागि आउने साना बालबालिकाहरुलाई उनीहरुको शारीरिक अवस्था अनुसारको कक्षा कोठाको व्यवस्था भएको हुनुपर्दछ । यस अध्ययनमा परेका बालविकास केन्द्रहरुमा एउटा बालविकास केन्द्र वा.वि. केन्द्रको लागि निर्माण गरिएको र बाँकी तीवटा वा.वि. केन्द्रको लागि निर्माण गरिएको भवन नभएर विद्यालयको कुनै एक कोठालाई प्रयोगमा ल्याइएको देखिन्छ । कक्षा कोठाहरु त्यति आकर्षक छैन, प्रकाशको राम्रो व्यवस्था भएका केही वा.वि. केन्द्र भएपनि, केहि बालविकास केन्द्रमा त्यस्तो राम्रो प्रकाश आवतजावत गर्ने खालका छैन । वा.वि. निर्देशिकाले २०/२५ जना सम्म मात्र एक कक्षा कोठामा राख्नुपर्ने उल्लेखगरेता पनि सो पक्षलाई केहि वा.वि. केन्द्रले ध्यान नदिई कक्षा १ समेतलाई एकै ठाउँमा राखेको देखिन्छ ।

#### (ख) फर्निचर

वा.वि. केन्द्रमा आउने साना बालबालिकाहरुको लागि उनीहरुको शारीरिक अवस्था अनुसारको बस्ने फर्निचर, कार्पेट, गुन्द्री आदिको व्यवस्था हुनुपर्दछ । अध्ययनमा परेका ४ वटा बा.वि. केन्द्र मध्ये १ वटामा मात्र गुन्द्रीको व्यवस्था गरेको देखिन्छ भने ३ वटा बा.वि. केन्द्रमा ठूला विद्यार्थीहरुको लागि निर्माण गरिएका फर्निचरहरुबाट नै काम चलाएको देखिन्छ । कक्षा कोठामा शैक्षिक सामग्री राख्नको लागि दराज टेबुलको अभाव देखिन्छ ।

#### ग) खेलमैदान

अध्ययनका लागि छनौट गरिएका बालविकास केन्द्रको छुट्टै खेलमैदान भएतापनि उपयुक्त खेलमैदान पाईएन । खेलमैदान उपयुक्त नभएकाले बालबालिकाहरुलाई स्वतन्त्र

रुपमा खेल खेल्न बाधा पुगेको देखियो । भएका खेलमैदानहरु पनि असुरक्षित तथा हिउँदमा धुलो र वर्षा याममा हिलो हुने समस्या पनि त्यतिकै छन् ।

### घ) पिउनेपानी

बा.वि.केन्द्रहरुमा शुद्ध पिउने पानीको अभाव देखिन्छ । अध्ययनमा परेका ४ वटा बा.वि. केन्द्रमध्ये ३ वटा केन्द्रमा विद्यालय परिसरभित्र पानी पिउनको लागि धाराको व्यवस्था गरिएको र १ वटा बा.वि.केन्द्रमा त विद्यालय परिसरभित्र धाराको व्यवस्था नगरिएकोले पानी पिउनको लागि विद्यालय परिसर बाहिर आश्रित हुनुपर्ने देखिन्छ । पानी शुद्ध बनाउने फिल्टरको अभाव देखिन्छ ।

### ङ) शौचालयः

अध्ययनमा परेका ४ वटै बा.वि. केन्द्रहरुमा सामान्य शौचालयको व्यवस्था भएतापनि बा.वि. केन्द्रका साना बालबालिकाहरुको लागि उपयुक्त देखिदैन । बेला बेलामा सरसफाइ नगरेको कारण शौचालय ज्यादै दुषित भएको तथ्य प्रत्यक्ष अवलोकनबाट देख्न सकिन्छ जसका कारण शौचालय प्रयोग गर्न सहज देखिदैन । जहाँ शौचलय छ, त्यहाँ पानीको व्यवस्था भएको देखिदैन ।

### ४.३.२ शैक्षिक सामग्री सम्बन्धी समस्या

अध्ययन गरिएका बा.वि. केन्द्रहरुमा पर्याप्त शैक्षिक सामग्रीको अभावका कारणले सहज तरिकाले अध्यापन गराउन कठिन भएको सहयोगी कार्यकर्ताहरु गुनासो गर्दछन् । अध्ययन गरिएका बा.वि. केन्द्रहरुमा जि.शि.काले दिएको शैक्षिक सामग्री तथा केही विद्यालयबाट उपलब्ध गराइएका सामग्रीहरु रहेतापनि पाठ्यक्रममा निर्दिष्ट सम्पूर्ण क्रियाकलाप गराउन नसकिने कुरामा सबै कार्यकर्ताको एकमत पाइयो ।

### ४.३.३ खेल सामग्री सम्बन्धी समस्या

नमूना छनोटमा परेका बालविकास केन्द्रमा पर्याप्त मात्रामा खेल सामग्री उपलब्ध छैनन् । थोरै सामग्रीको प्रयोगबाट बालबालिकाहरुलाई खेलाउन धेरै समय पर्खनुपर्ने कुरा प्रधानाध्यापक शिक्षक तथा सहयोगी कार्यकर्ताले बताएका छन् ।

### ४.३.४ व्यवस्थापकीय समस्या

बा.वि. केन्द्रहरु विद्यालयमा सञ्चालन भएकोले विद्यालय व्यवस्थापन समिति नै बा.वि. केन्द्रको व्यवस्थापन रहेको देखिन्छ। उनीहरुलाई कुनै पनि संघ संस्थाले बा.वि. केन्द्र सञ्चालन सम्बन्धी तालिम प्रदान गरेको देखिएन । बा.वि. निर्देशिकाले बा.वि. केन्द्र सञ्चालनमा अधिक स्थानीय स्रोत साधनको उपयोग वा खोजी गर्नुपर्ने उल्लेख गरेतापनि केन्द्रलाई व्यवस्थित सञ्चालन गर्नको लागि स्थानीय स्रोत साधनको परिचालन, मानवीय स्रोतको परिचालन केन्द्रको भौतिक अवस्था, खेल तथा शैक्षिक सामग्रीको आपूर्ति, आर्थिक स्रोतको पहिचान गर्न व्यवस्थापकीय ज्ञान कमी र भएको ज्ञानलाई प्रयोग र क्षमताको अभावका कारणले केन्द्रको व्यवस्थापकीय पक्ष कमजोर देखिन्छ।

### ४.३.५ निरीक्षण र मूल्याङ्कन सम्बन्धी समस्या

बा.वि. केन्द्रहरुको भौतिक अवस्था के कस्तो छ । बालविकासका लागि के के सामग्री तथा सुविधाहरु उपलब्ध भएका छन् वा छैन । उपलब्ध नभएका सामग्रीलाई कसरी उपलब्ध गराउने साथै बालबालिकाहरुको चौतर्फी विकासको लागि सञ्चालन गर्ने कार्यकर्ताहरु केन्द्रमा नियमित उपस्थित भै प्रभावकारी शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गरेका छन् या छैनन् साथै अभिभावकहरुले बालबालिकाहरुलाई नियमित रुपमा केन्द्रमा पठाउने गरेका छन् या छैनन् । पाठ्यक्रमले निर्दिष्ट उद्देश्यहरु पूरा भएका छन् या छैनन् ती क्रियाकलाप सञ्चालन गर्न के कस्ता समस्याहरु आई परेका छन् ती समस्याहरुलाई हल गर्न के के उपायहरु अवलम्बन गर्न सकिन्छ भन्ने विषयमा सम्बन्धित सरोकारवालाहरुले सबै पक्षमा समन्वय गरी कार्यक्रमको सही निरीक्षण तथा मूल्याङ्कन नगरेको पाईन्छ।

सहयोगी कार्यकर्तालाई तालिमको अपर्याप्तता कलिला बालबालिकाहरुको बालमनोविज्ञानलाई बुझेर शिक्षण गर्दा मात्र बालबालिकाको सिकाई अर्थपूर्ण हुन्छ । अध्ययनको क्रममा छनोटमा परेका बालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई जि.शि.का. ले जम्मा २ पटक पाठ्यक्रम परिचयात्मक तथा सामग्री निर्माण सम्बन्धी परीक्षण कार्यक्रममा सहभागी हुने अवसर पाएपनि लामो समयको पूर्णकालीन तालिम प्राप्त गर्न

सकेका छैनन् । तसर्थ तालिमको अभावमा बालबालिकाहरुको मनोविज्ञान बुझेर उपयुक्त विधि र सामग्रीको प्रयोग गरी बालबालिकालाई आवश्यक क्रियाकलापमा सहभागी गराउन निकै समस्या परेको सहयोगी कार्यकर्ताहरुको धारणा छ ।

### ४.३.६ सहयोगी कार्यकर्ताको पारिश्रमिक न्यून हुनु

अध्ययनको क्रममा नमूना छनोटमा परेका बा.वि. केन्द्रका सहयोगी कार्यकर्ताहरु काम गरे वापत पाएको पारिश्रमिकप्रति ज्यादै असन्तुष्ट छन् । दैनिक ४/५ घण्टा काम गर्दा प्राप्त भएको पारिश्रमिकले विहान बेलुका हातमुख जोड्न पनि धौ-धौ पर्ने भएकाले आफ्नो पेशाप्रति सहयोगी कार्यकर्ताहरु निराश भएको पाइयो । काम गरे वापत दिइने पारिश्रमिकले आफ्नो जीवन निर्वाह हुन नसक्ने चिन्ताले ग्रस्त भइरहँदा बालबालिकाहरुको विकासमा दत्तचित्त भई लागि पर्न नसकिएको कुरा सहयोगी कार्यकर्ताले बताएका छन् । सहयोगी कार्यकर्तालाई दिइने पारिश्रमिक न्यून भएका कारण प्रारम्भिक बालविकास कार्यक्रमको कार्यान्वयन पक्षमा गम्भीर संकट देखा परेको पाइयो ।

### ४.३.७ आर्थिक समस्या

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनमा आर्थिक अभाव एक टड्कारो समस्याको रुपमा देखापरेको छ । अध्ययनको क्रममा छनोटमा परेका सहयोगी कार्यकर्ताको पारिश्रमिक वापत जि.शि.का. ले प्रतिमहिना रु १८०० प्रदान गर्ने गरेको, बा.वि. केन्द्र स्थापनाको समयमा मसलन्द वापत रु १००० प्रदान गरेको प्र.अ.हरु बताउँछन् । बा.वि. केन्द्र सञ्चालनको सम्पूर्ण खर्च विद्यालयको आम्दानीबाटै गरेको पाइन्छ । जि.शि.का.ले दिएको अनुदान रकम ज्यादै न्यून भएको कुरामा सबैजना प्र.अ.हरु सहमत भएका छन् । गा.वि.स.बाट पनि खासै सहयोग नभएको र सम्पूर्ण कार्यक्रम सञ्चालन खर्च विद्यालयबाट व्यहोर्दै आएको पाईन्छ । आवश्यक रकमको अभावमा कार्यक्रम सञ्चालन निर्देशिकामा उल्लेखित पूर्वाधार निर्माण गर्न नसकिएको कुरा प्र.अ.हरुले बताएका छन् ।

### ४.३.८ स्थानीय स्रोत परिचालन र अन्य समस्याहरु

बा.वि. निर्देशिकाले अधिकतम रुपमा स्थानीय स्रोतको परिचालन गरी बा.वि. को लागि आवश्यक भौतिक र आर्थिक पक्षपूर्ण बनाउनु पर्ने कुरा उल्लेख गरेको छ । अध्ययन

अवलोकनको क्रममा सा-साना समस्या सुल्झाउन पनि आर्थिक सहयोगको लागि माथिल्लो निकायको मुख ताक्नु पर्ने अवस्था देखियो । समस्या समाधान गर्नको लागि स्थानीय स्रोतको परिचालन भएको देखिएन जस कारण बा.वि. केन्द्रमा आउने बालबालिकाहरुको लागि खाजाको व्यवस्था, पौष्टिक आहारा, स्वास्थ्य परीक्षण, पूर्ण रुपमा शैक्षिक सामग्रीको व्यवस्था र आवश्यक खेल सामग्री जुटाउन सकेको देखिदैन । बा.वि. केन्द्रमा आउने बालबालिकाहरु कलिलो उमेर समूहमा पर्ने भएकोले उनीहरु चाडै भोकाउने हुनाले अतिरिक्त क्रियाकलाप गर्न असहज भएको कुरा स.का.हरु बताउँछन् । साथै प्रधानाध्यापक, शिक्षक तथा अभिभावकहरु पनि बा.वि. केन्द्रमा बालबालिकाहरुको लागि खाजाको व्यवस्थ गरिदिए राम्रो हुन्थ्यो भन्ने राय व्यक्त गर्दछन् ।

## ४.४ बालविकास कार्यक्रम सञ्चालनमा देखापरेका समस्या समाधानका उपायहरु

हालसम्म बालविकास कार्यक्रम सञ्चालनमा देखा परेका समस्याहरु धेरै छन् तथापि कार्यक्रम सञ्चालन भैरहेको अवस्था भएपनि उद्देश्य अनुसारका प्रतिफलहरु प्राप्त हुन भने सकिरहेका छैनन् । त्यस्ता समस्याहरुलाई हटाएर सरल, सहज र वैज्ञानिकतालाई ध्यानमा राखी अध्ययनको क्रममा स्रोत व्यक्ति, अभिभावक, वि.व्य.स. अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, तथा सहयोगी कार्यकर्ता समेतका विचारमा निम्नानुसार उपायहरु अवलम्बन गर्न सकिन्छ ।

### ४.४.१ भौतिक सुविधाको उचित व्यवस्थापन

नेपालमा करीब २७% मानिसहरु गरिबीको रेखामुनि रहेको र हाल सञ्चालन भैरहेका बा.वि. केन्द्रको स्थितिलाई दाँजेर हेर्दा केन्द्रको भौतिक सुविधा अत्यन्त कमजोर छ । हुने खाने र आर्थिक रुपमा उच्च वर्गका मानिसहरुले आफ्ना छोरा छोरीहरुलाई शहर बजारमा स्थापित बोर्डिङ्ग स्कूलहरुमा भर्ना गरेका छन् तर गरिबी अशिक्षित वर्गका मानिस र अझ पिछडिएका जनजातिहरुले मात्रै बालबालिका केन्द्रको उपभोग गर्दै रहेको अवस्था हो । तसर्थ बालविकास केन्द्रको भौतिक सुविधाहरुको अवस्थ दयनीय छ । भौतिक अवस्थालाई सुदृढ बनाउनका लागि समुदायमा जनचेतनाको विस्तार गरी उनीहरुलाई बा.वि. केन्द्रप्रति अझ उत्तरदायी बनाई स्थानीय स्रोत साधन सदुपयोग गर्नुपर्ने हुन्छ । त्यतिले मात्र भौतिक सुविधा सम्पन हुन सक्दैन । विहान बेलुका २ छाक टार्न धौ-धौ परिरहेको अवस्थामा कसरी

उनीहरुले बालविकास केन्द्रको विकास तर्फ ध्यान दिन सक्लान ? यो अहम प्रश्न हो । तसर्थ समाजका अगुवा व्यक्तिहरु तथा राजनैतिक नेताहरुले स्थानीय साधन स्रोतको परिचलान गर्नुका साथै केन्द्रको भौतिक सुविधा विस्तार गर्न स्थानीय सरकारी तथा गैर सरकारी निकायहरुको ध्यान आकृष्ट गराई लगानीमा वृद्धि गराउने, सबै टोलबासीहरु, सामुदायिक संघ संस्थाहरु, क्लबहरु समेत मिलेर बा.वि. केन्द्रमा अभाव रहेका भौतिक अवस्थालाई सुदृढ बनाउन सकिने देखिन्छ ।

### ४.४.२ शैक्षिक सामग्रीको उचित व्यवस्था

क्रोवेलका अनुसार बालविकास गरेर सिक्ने विधिमा आधारित हुन्छ । बालबालिकाको उमेर खेलौनाको उमेर हो । यस अवस्थामा विभिन्न किसिमका खेलौनासँग खेलेर धेरै ज्ञान प्राप्त गर्न सक्छन् । त्यसैगरी, मण्टेश्वरीले ज्ञानेन्द्रीयहरुको प्रशिक्षणबाट नै बालबालिकाहरुको उचित विकास हुन्छ भनेका छन् । यसरी खेलौनाबाट सिकाउन तथा ज्ञानेन्द्रियहरु उचित प्रशिक्षण दिन बाल विकास केन्द्रमा पर्याप्त मात्रमा शैक्षिक सामग्रीहरुको व्यवस्था हुनु जरुरी त हुन्छ तर हाम्रा बाल विकास केन्द्रहरुमा त्यस्ता खेलौना, खेल सामग्रीहरु र शैक्षिक सामग्रीहरुको उचित व्यवस्था हुन सकेको छैन । तसर्थ यसका स्थानीय साधन स्रोतबाट उपलब्ध हुने सामग्रीहरु व्यवस्थापन गर्न शैक्षिक सामग्री निर्माण तालिम प्रदान गर्नुपर्ने देखिन्छ । त्यसका अलावा मूल्यवान् सामग्री खरिद गर्न अभिभावकहरुसँग रकम संकलन गर्ने साथै स्थानीय गैर सरकारी संस्थाहरुसँग अनुरोध गरी सामग्री खरिद गराउन सकिन्छ भने सरकारले पनि बाल विकास जस्तो महत्वपूर्ण संस्थालाई जि.शि.का. र स्रोतकेन्द्र मार्फत सामग्रीहरु उपलब्ध गराइ दिने वा रकम अनुदान लिएर सामग्री खरिद गर्न लगाउने नीति अवलम्बन गर्नु जरुरी देखिएको छ ।

### ४.४.३ तालिमको व्यवस्था

केन्द्रको प्रभावकारी सञ्चालन गर्नका लागि केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताहरुलाई बालबालिकाहरुको स्याहार सुसार गर्ने तरिका, शिक्षण विधि, सामग्री निर्माण संकलन र प्रयोग सम्बन्धमा पूर्णकालिन तालिम प्रदान गर्न सकिन्छ भने बालविकास केन्द्रका व्यवस्थापन समितिका अध्यक्ष लगायत सबै पदाधिकारीहरुलाई केन्द्रको उचित व्यवस्थापन गर्न तालिम गोष्ठी सेमिनार गराउनु नेपाल सरकारको प्रमुख जिम्मेवारी हुन

आउँछ । किनभने उनीहरु आफ्नै बालबालिकाहरुको विकास लागि अग्रसर हुने भएकोले उनीहरुको व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्न सकियो भने केन्द्रको समस्याहरु माथि अझ जिम्मेवार भएर कार्य गर्न सक्दछन् । केन्द्रका समस्याहरु माथि अझ जिम्मेवार भएर कार्य गर्न सक्दछन् । केन्द्रमा अधिकार मात्र हैन कर्तव्य पनि निर्वाह गर्नुपर्छ भन्ने उक्तिलाई सार्थक बनाउन सकिन्छ । जसबाट बालविकास केन्द्रको सर्वाङ्गिण विकासमा सहयोग पुग्दछ।

सहयोगी कार्यकर्ता र व्यवस्थापन समिति मात्रलाई तालिम दिएर पुग्दैन जुन केन्द्रमा उनीहरुका बालबालिकाहरु नै आउने भएको केन्द्रप्रति सबभन्दा बढी चासो राख्ने अभिभावकहरुलाई पनि समय समयमा बालबालिकाहरुको स्वास्थ्य, सरसफाइ, पौष्टिक आहारा, उनीहरुको लवाइ, खुवाइ र सामग्री व्यवस्थापनमा बढी अन्तरक्रिया र तालिमको आवश्यकता पर्दछ । यसबाट समग्रमा केन्द्रको विकासमै मद्दत पुग्दछ, आफ्ना बालबालिकाहरु के कसरी सिकिरहेका छन् ? उनीहरुको विकासको गति के कस्तो छ ? अब थप सुविधाहरु प्रदान गर्न के के गर्न सकिन्छ ? भन्ने विषयमा गरिने छलफलले उनीहरुका छोराछोरीको मात्र ख्याल गर्ने हैन कि समग्र संस्था नै के कसरी चलिरहेको छ र अझ यसको सुदृढिकरण गर्न के कस्ता उपायहरु अवलम्बन गर्न सकिन्छ भने विषयमा अभिभावकहरुलाई नै अग्रसर गराउँछ ।

### ४.४.४ सहयोगी कार्यकर्ताको दरबन्दी तथा सुविधा वृद्धिः

अध्यापनको क्रममा छनोटमा परेका ४ वटा बालविकास केन्द्रमा १/१ जना मात्रै कार्यकर्ताहरु कार्यरत भएका पाइएन । एउटा केन्द्रमा १२ देखि २१ जनासम्म बालबालिकाहरु रहेका छन् । विरामी भई केन्द्रमा जान नसक्दाहोस् वा अपर्झट कार्यहरु परेको बखतमा तथा केन्द्रको कामले बाहिर जानु परेको बेलामा केन्द्र पूरै बन्द हुने अवस्थमा हुन्छन् । साथै जि.शि.का.को तर्फबाट उनीहरुलाई मात्र मासिक रु. १८०० पारिश्रमिक दिइने व्यवस्था भएबाट उनीहरुको विहान बेलुका छाक टार्न सम्म नपुग्ने, र अन्य घर खर्चको त कुरै नगरौ । तसर्थ उनीहरुको मेहेनत र समय माथि ख्याल गर्दै बालबालिकाहरुको संख्याका आधारमा सहयोगी कार्यकर्ताहरुको व्यवस्था गरी उनीहरुको पारिश्रमिक पनि कम्तिमा रु ३५०० देखि ४००० पुऱ्याइ सेवा सर्त र सुविधाको ग्यारेन्टी गरी मनोवैज्ञानिक रुपमा कार्य प्रति पूर्ण जिम्मेवारी बोध गराउनु पर्ने देखिन्छ ।

### ४.४.५ स्वास्थ्य परीक्षण तथा पौष्टिक आहारको व्यवस्था

बालबालिकाहरुको चौतर्फी विकास उसको स्वास्थ्य अनुसार हुन्छ अर्थात् राम्रो स्वास्थ्य भएको बच्चाको तुलनामा कमजोर स्वास्थ्य स्थिति भएका बच्चाले सम्पूर्ण क्रियाकलापमा आशातित सफलता प्राप्त गर्न सक्दैन । तसर्थ उनीहरुको स्वास्थ्यको बारेमा जानकारी प्राप्त गर्न कम्तीमा हप्तामा एक पटक त्यो सम्भव नभए १ महिनामा एकपटक उनीहरुको स्वास्थ्य परीक्षण गराउन आवश्यक हुन्छ जसका लागि गैर सरकारी संस्था तथा नजिकैका स्वास्थ्य कर्मीहरुको सहयोगमा उनीहरुको स्वास्थ्य परीक्षण गराउन सकिन्छ । अथवा प्राथमिक स्वास्थ्य उपचार सम्बन्धी तालिम र सामग्रीको व्यवस्था केन्द्रमा कार्यरत सहयोगी कार्यकर्तालाई दिइनुपर्छ अपर्झट दुर्घटना हुन गए सामान्य उपचार सहयोगी कार्यकर्ताबाट नै सम्भव बनाउन सके स्वास्थ्य परीक्षण सम्बन्धी समस्झा हल गर्न सकिन्छ । साथै बालबालिकाहरु चञ्चले र बढी क्रियाशील हुने भएकोले चाडै थाक्ने र भोकाउने हुन्छन्, तसर्थ उनीहरुलाई केन्द्रमा नै पौष्टिक आहारको व्यवस्था गर्न सके विद्यार्थी उपस्थिति नियमित हुने मात्र हैन शिक्षण सिकाइ क्रियाकलाप सफल र प्रभावकारी हुने थियो । तसर्थ नेपाल सरकार तथा दातृ संस्थाहरुसँग समन्वय गरी पौष्टिक आहारको यथोचित प्रबन्ध मिलाउनु आवश्यक देखिन्छ ।

### ४.४.६ सरकारी नीति तथा लगानीमा वृद्धिः

सेलोस्की र टेलर (१९७३) का अनुसार "सरकारले प्रारम्भिक बाल शिक्षा कार्यक्रममा खर्च गर्नु अबोध बालबालिकाका लागि दानको रुपमा नहेरी समाजको भविष्यको लागि आर्थिक लगानीका रुपमा हेर्नुपर्छ ।" जोशी २०५४ बालबालिकाहरुलाई बगैंचाका विरुवासँग तुलना गर्ने हो भने लगानीलाई मलजलका रुपमा हेर्नुपर्दछ । बालबालिकाको चौतर्फी विकासको लागि सरकारले नीति निर्माण गरेर मात्र पुग्दैन त्यसको लागि पर्याप्त लगानी गर्नु पर्दछ । अझ यसलार्य औपचारिक शिक्षा वा अनौपचारिक शिक्षा भित्र राख्नुपर्ने हो त्यसको अध्ययन गरी प्रष्ट हुनुपर्दछ । कार्यक्रम राष्ट्रव्यापी वा निश्चित समूह वर्गसँग सम्बन्धित हुने हो सोमा पनि प्रष्ट भई लगानीमा यथोचित वृद्धि गर्नुपर्ने देखिन्छ । लगानी अनुसारको प्रतिफल के कसरी प्राप्त भैरहेको छ । सो सम्बन्धमा निरीक्षण, नियन्त्रण र सुपरीवेक्षण गरी पुरस्कार र दण्डको व्यवस्था समेत गर्न सके बालविकास कार्यक्रम अझ बढी प्रभावकरी हुने कुरामा दुईमत छैन ।

# परिच्छेद पाँच

## अध्ययनको प्राप्ति, निष्कर्ष र सुझावहरु

### ५.१ अध्ययनको प्राप्ति

बालविकास केन्द्रको प्रभावकारीता अध्ययन गरिदा भोजपुर जिल्लाको बालेखा र वयाङ्गा स्रोतकेन्द्र अन्तर्गत सामुदायिक विद्यालयमा सञ्चालित ४ वटा बालविकास केन्द्रको स्थलगत अध्ययन, तथ्याङ्कको व्याख्या, विश्लेषण र सरोकारवालाहरुको प्रतिक्रियाबाट प्राप्त जानकारीको आधारमा पाइएको प्राप्तिलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

क) सिधै कक्षा एकमा भर्ना भएका बालबालिकाहरुको तुलनामा बा.वि. केन्द्रबाट आएका बालबालिकाहरुको विषयगत औषत उपलब्धि उच्च देखिन्छ ।

ख) प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त गरेका बालबालिकाहरुको विद्यालयमा औसत उपस्थिति सिधै भर्ना भएका बालबालिकाहरुको विद्यालयमा उपसिथति भन्दा उच्च रहेको देखिन्छ ।

ग) बा.वि. केन्द्रबाट आएका बालबालिकाहरुको बोलाइ, सुनाइ, लेखाई, सामाजिक वातावरण बुझ्ने, जिज्ञासुपन, नक्कल गर्ने र संगठनात्मक सोचाइ जस्ता सीप सिधै कक्षा १ मा भर्ना भएका बालबालिकाहरुको भन्दा राम्रो रहेको पाइयो ।

घ) सरसफाइ सम्बन्धी सीप विकासको अवस्थामा बा.वि. केन्द्रबाट आएका बालबालिकाहरुको व्यक्तिगत, कक्षाकोठा र खानेकुराको सरसफाई सिधै भर्ना भएका बालबालिकाहरुको तुलनामा उच्च रहेको पाइयो ।

ङ) बा.वि. केन्द्रबाट आएका बालबालिकाहरुमा अतिरिक्त क्रियाकलाप सम्बन्धी सीप, खेल्ने, गीत गाउने, चित्र बनाउने र अभिनय गर्ने सीप सिधै भर्ना भएका बालबालिकाहरुको भन्दा उच्च रहेको पाइयो ।

च) बा.वि. केन्द्रबाट आएका बालबालिकाहरुको सामाजिक विकासका सूचकहरु अरुलाई आदर गर्ने, आफूभन्दा सानाप्रति माया गर्ने, मिलेर बस्ने, आफ्नो परिवारको सदस्यको नाम भन्ने आफ्ना साथीहरुको नाम भन्ने सीपमा सिधै भर्ना भएका बालबालिकाहरुको तुलनामा राम्रो भएको पाइयो ।

छ) सहयोगी कार्यकर्ताको अवस्थालाई हेर्दा नमूना छनोटमा परेका ४ वटै बालविकास केन्द्रहरुमा महिला नियुक्त गरेको पाइयो ।

ज) अध्ययनमा परेका बालविकास केन्द्रहरु आफ्नै नीजि भवनमा नभएर विद्यालयको भवनमा सञ्चालन गरेको पाइयो ।

झ) नमुना छनौटमा परेका बा.वि. केन्द्र मध्ये ३ वटा केन्द्रमा बालबालिकाहरुलाई बस्नको लागि डेक्स, बेन्च र १ वटा केन्द्रमा गुन्द्रीको व्यवस्था गरेको पाइयो ।

ञ) छनौटमा परेका बालविकास केन्द्रको लागि छुटै खेल मैदानको व्यवस्था गरेको पाइएन ।

ट) नमूना छनौटमा परेका बा.वि. केन्द्रमध्ये २ वटा केन्द्रमा बालबालिकाहरुको लागि शौचालयको छुट्टै व्यवस्था गरेको र २ वटा केन्द्रको बा.वि. केन्द्रको लागि शौचालयको व्यवस्था नगरेको पाइयो ।

ठ) बालविकास कार्यक्रम सञ्चालन भएका विद्यालयहरुमा स्वच्छ पिउने पानीको अभाव देखियो ।

ड) शैक्षिक सामग्रीलाई अध्ययन गर्दा बा.वि. केन्द्रहरुमा पर्याप्त मात्रामा शैक्षिक सामग्री नभएको पाइयो । जि.शि.का मार्फत दिएका बाहेक अन्य स्थानीय शैक्षिक सामग्रीहरु न्यून मात्र पाइयो ।

ढ) बा.वि. केन्द्रहरुमा नियमित निरीक्षण र मूल्याङ्कन नभएको पाइयो ।

ण) स.का.हरु ४/५ घण्टा सम्म बा.वि. केन्द्रमा बिताउनुपर्ने तर पारिश्रमिक ज्यादै न्यून भएको गुनासो प्राप्त भयो ।

त) स.का.हरुलाई सेवा प्रवेशको अवस्थामा परिचयात्मक र शैक्षिक सामग्री निर्माण सम्बन्धी २ हप्ते र त्यसपछि ३ दिने तालिम लिएको र त्यसपछि कुनै पनि तालिमको अवसर नपाएको कारण अध्यापनमा देखिएका समस्या समाधान गर्न नसकिएको कुरा स.का. बाट जानकारी प्राप्त भयो ।

थ) बा.वि. केन्द्रहरुमा निर्देशिकाले निर्देशन गरे भन्दा बढी बालबालिकाहरु रहेको पाइएन ।

## ५.२ अध्ययनको निष्कर्ष

बालविकास केन्द्रको प्रभावकारिता अध्ययन यस शोध पत्रमा गरिएको छ । अध्ययनको क्रममा प्राप्त गरेका सूचना तथा जानकारीको आधारमा निम्न लिखित निष्कर्ष निकालिएको छ ।

क) बा.वि. केन्द्रहरुमा यस कार्यक्रमले बालबालिकाहरुको शैक्षिक, मानसिक तथा सामाजिक विकासमा उल्लेख्य सहयोग पुऱ्याउने देखिन्छ ।

ख) प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाहरुमा विद्यालय जाने बानीको विकास गराउँछ ।

ग) बालबालिकाहरुको सिकाइमा सकारात्मक वातावरणको सिर्जना बा.वि. केन्द्रले गरेको देखिन्छ ।

घ) बालविकास केन्द्रमा रहेका सहयोगी कार्यकर्तालाई दिएको तालिम पर्याप्त नभएको पाइएको छ ।

ङ) प्रारम्भिक बालविकास कार्यक्रमले अभिभावक, बालबालिका, प्रधानाध्यापक, शिक्षक, सहयोगी कार्यकर्ता तथा सम्पूर्ण समुदायकै मन जित्न सकेको देखिन्छ ।

च) अभिभावक, स्थानीय संघ संस्थाहरुले बा.वि. केन्द्रलाई कुनै पनि आर्थिक र भौतिक सहयोग उपलब्ध गराएको देखिदैन ।

छ) बालबालिकाहरुको कक्षा छाड्ने दर घटाउन बा.वि. केन्द्रले सकारात्मक भुमिका खेलेको देखिन्छ ।

ज) बा.वि. केन्द्रहरुमा शैक्षिक सामग्रीहरु ज्यादै न्यून भएको कारण प्रभावकारी तरिकाले अध्यापन गर्न नसकिएको देखिन्छ ।

झ) बा.वि. केन्द्रमा शौचालय, पिउनेपानी, खेलमैदान, डेक्स, बेन्च, टेबल आदि पक्षको अभाव देखिन्छ ।

ञ) बा.वि. केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि अभिभावकहरुलाई अभिभावकहरुको अधिकार, कर्तव्य, दायित्व र बाल अधिकार सम्बन्धि चेतना जगाउन व्यापक रुपमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

ट) प्रारम्भिक बालविकास केन्द्रमा सहयोगी कार्यकर्तालाई दिइने पारिश्रमिक र शैक्षिक सामग्री खरिद गर्न दिइने सरकारी अनुदान बढाउनुपर्ने देखिन्छ ।

## ५.३ अध्ययनका सुझावहरु

बा.वि. केन्द्रका विविध समस्याहरु रहदा रहदै पनि बा.वि. केन्द्रले केही मात्रमा भए पनि उपलब्धी हासिल गरेकै छ । बा.वि. केन्द्रहरुलाई समाजमा रहेका हरेक अभिभावक, व्य.स., राजनैतिक कार्यकर्ता, समाजका बौद्धिक अगुवाहरु, नेपाल सरकार र दातृ संस्थाहरु समेतले एक आपसमा छलफल गरी यसलाई प्रभावकारी बनाउन सके भविष्यका कर्णधार मानिएका बालबालिकाहरुको समुन्नत विकास हुने पक्षलाई स्वीकार गर्नुपर्दछ ।

यस अध्ययनबाट प्राप्त निष्कर्ष र परिमाणलाई विश्लेषण गर्दा प्रारम्भिक बालविकास कार्यक्रमलाई अझ बढी सशक्त बनाउन र कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नको लागि निम्न बमोजिमका सुझावहरु प्रस्तुत गरिन्छ ।

क) बा.वि. कार्यक्रमको विकास र विस्तारमा व्यापक जोड दिनुपर्ने देखिन्छ ।

ख) बा.वि. केन्द्रको संचालन पछिका वर्षहरुमा पछिल्ला कक्षाहरुमा देखिएको प्रभावको लेखाजोखा गरि अभिलेख राख्ने ।

ग) स.का. को दक्षता अभिवृद्धि गर्न १ देखि ३ महिनासम्मको सेवाकालीन तालिम दिइनु पर्दछ ।

घ) बा.वि. केन्द्रहरु विद्यार्थी संख्याको आधारमा थप गर्दै जानुपर्ने ।

ङ) बालविकास केन्द्रमा सहयोगी कार्यकर्ताको संख्या, सहयोगी कार्यकर्तालाई दिइने पारिश्रमिक र शैक्षिक सामाग्री खरिद गर्न दिइने सरकारी अनुदान बढाउनु पर्दछ ।

च) विद्यालय शिक्षाको कक्षा १ मा भर्ना हुनु अगावै ३ देखि ५ वर्ष उमेर समूहका बालबालिकाहरुलाई यस कार्यक्रममा सहभागी गराउनुपर्दछ ।

छ) बा.वि. केन्द्रलाई सहयोग गर्ने व्यक्ति, संघ संस्था तथा अभिभावकलाई कदरपत्र र प्रशंसापत्र दिएर अरुलाई पनि बा.वि. केन्द्रप्रति आकर्षित गर्ने कार्य केन्द्रले गर्नुपर्दछ।

ज) स.का.हरुले विविध क्रियाकलाप संचालन गर्दा खाली पाठ्यक्रमलार्य मात्र ध्यान नदिई बालबालिकाहरको रुचीलाई समेत ध्यान दिनुपर्दछ ।

झ) बा.वि. कार्यक्रमका बालबालिकाहरुलाई बा.वि. केन्द्रहरुमा खाजाको व्यवस्था गरिनुपर्दछ ।

ञ) गा.वि.स. स्तरीय संयन्त्र बनाई बालविकास केन्द्रको अनुगमन र निरीक्षणमा सो संयन्त्रलाई परिचालन गर्नुपर्दछ ।

ट) बालविकास केन्द्रको भौतिक पूर्वाधारको विकासमा स्थानीय निकायलाई संलग्न गराउनु पर्दछ ।

ठ) बाल विकास केन्द्रमा देखिएको भौतिक तथा शैक्षिक समस्यालाई निराकरण गर्न अनुगमन र सुपरिवेक्षण प्रक्रियालाई नियमित बनाउनुपर्दछ ।

ड) बा.वि. केन्द्रका बालबालिकाहरुलाई स्थानीय भाषाको माध्यमबाट अध्यापन गराउनुपर्दछ ।

# सन्दर्भ सामग्री


आचार्य, मोतिप्रसाद (२०६६) बालविकास केन्द्रले शिक्षण सिकाईमा पारेको प्रभाव (अप्रकाशित शोधपत्र), सुकुना बहुमुखी क्याम्पस ईन्द्रपुर : शैक्षिक योजना तथा व्यवस्थापन विभाग ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६२), शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६२), शैक्षिक अनुसन्धान पद्धति, कीर्तिपुर काठमाडौं : स्टुडेण्टस बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिव्युटस ।

खनाल, मधुविलास र साथीहरु (२०५७) कक्षाकोठामा मनोविज्ञान, कीर्तिपुर, हिराबुक्स इन्टरप्राइजेज ।

ढुङ्गाना, गंगाराम (२०६३), बालविकास केन्द्र र यसको वर्तमान अवस्था (अप्रकाशित शोध), त्रि.वि. केन्द्रिय क्याम्पस कीर्तिपुर ।

पौड्याल, तेजस्वी (२०६६), प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता (अप्रकाशित शोध), सुकुना बहुमुखी क्याम्पस ईन्द्रपुर ।

भण्डारी, मुकुन्दप्रसाद (२०६४), पूर्वबाल्यावस्था विकास, काठमाडौंः ज्ञानकुञ्ज प्रकाशन ।

मल्ल र साथीहरु (२०५४), प्रारम्भिक बाल्यावस्था विकासको सिद्धान्त, कीर्तिपुर काठमाडौं : डीन कार्यालय शिक्षाशास्त्र संकाय त्रि.वि. ।

रेग्मी, मुरारीप्रसाद र श्रेष्ठ रीता (२०६३), कक्षाकोठाहरुमा मनोविज्ञान, कीर्तिपुर काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

वाग्ले, मनप्रसाद, ढकाल, माधवप्रसाद (२०६३) शिक्षाको प्रारम्भिक परिचय, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

वाग्ले, मनप्रसाद र कार्की, उपेन्द्रकुमार (२०५७), शिक्षाका आधारहरु, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

शर्मा, चिरञ्जिवी र शर्मा, निर्मला (२०५४) पाठ्यक्रम तथा मूल्यांकन काठमाडौं : एम के पब्लिसर्स एण्ड डिस्ट्रीव्युटर्स ।

शर्मा, चिरञ्जिवी र शर्मा, निर्मला (२०६४), शिक्षाको दर्शन शास्त्रीय र समाज शास्त्रीय आधार, ताहाचल काठमाडौं : राज अफसेट प्रेस ।

शर्मा, चिरञ्जिवी र शर्मा, निर्मला (२०६५), प्रारम्भिक बाल्य अवस्था विकासको सिद्धान्त, काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रीव्यूटर्स

शिक्षा विभाग (२०६१), प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका (२०६१), भक्तपुर नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग ।

शिक्षा विभाग (२०६२), प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम), २०६२ भक्तपुर नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, सानोठिमी ।

शिक्षा ऐन, २०२८ (संशोधन, २०६३) र शिक्षा नियमावली, २०५९ (तेश्रो संशोधन), काठमाडौं : हिमाली प्रकाशन, डिल्लीबजार ।

सेरिड, (२०५०), समुदायकमूलक पूर्व प्राथमिक शिक्षा कार्यक्रम, काठमाडौं : सेरिड ।

श्रेष्ठ, चन्द्रबहादुर र सम्भना बस्नेत (२०६५), शैक्षणिक पद्धति, काठमाडौं : भुँडीपुराण प्रकाशन ।

श्रेष्ठ, चन्द्रबहादुर र बस्नेत, सम्भना (२०६५), शिक्षँको परिचय, काठमाडौं : भुँडीपुराण प्रकाशन ।

## बालविकास केन्द्रको सञ्चालनको प्रभावकारिता

अनुसूची १

बालविकास केन्द्रका बालबालिकाको अभिभावकको लागि प्रश्नावली ।

केन्दको नाम/विद्यालयको नाम :-

अभिभावकको नाम :-

१) तपाईको बालबालिकाले कति समय बालविकास केन्द्रमा अध्ययन गरे ?
क) १ वर्ष ☐ ख) ६ महिना ☐ ग) २ वर्ष ☐ घ) ४ महिना ☐

२) बालविकास केन्द्रको कारण बालबालिकाहरुमा कस्तो परिवर्तन पाउनु भएको छ ?
...........................................
...........................................
...........................................

३) तपाईको बालक विद्यालय जान उत्सुक छ/छैन ?

४) के बालविकास केन्द्रमा पठाए पश्चात् विद्यार्थी घरमा अध्ययन गर्छ ?
...........................................
...........................................

५) बालबालिकाको विद्यालयप्रतिको धारणा सकारात्मक पाउनु भएको छ/छैन?
छ भने के के ? .................................................
.................................................

६) बालबालिका दैनिक विद्यालय जान इच्छुक छ/छैन ?

७) बालबालिकाहरुमा बालविकास केन्द्रमा अध्ययन गरे पश्चात् देखिएका परिवर्तनहरुः-
गृहकार्य गर्छ/गर्दैन
व्यवहारमा परिवर्तन भएको छ/छैन
घरमा अध्ययन गर्छ/गर्दैन
समयमा विद्यालय जान्छ/जादैन
बालबालिकाहरु अनुशासित छन्/छैनन्
बालबालिकाहरु दैनिक विद्यालय जान्छन्/जादैनन्

८) बालविकास केन्द्रमा के कस्ता समस्याहरु देख्नु भएको छ ?
...........................................
...........................................
...........................................

९) बालविकास केन्द्रका लागि तपाईका सुझावहरु के के छन् ?
...........................................
...........................................
...........................................

१०) वर्तमान अवस्थामा बालविकास केन्द्रको आवश्यकता छ/छैन ?
...........................................
...........................................

## बालविकास केन्द्रको प्रभावकारिता

अनुसूची २

स्रोत व्यक्ति/विद्यालय निरीक्षकको लागि प्रश्नावली ।

स्रोतकेन्द्रको नाम :-

१) नेपालमा बालविकास कार्यक्रम कहिले देखि लागू भएको हो ?

........................................

२) तपाईको क्षेत्रमा/स्रोतकेन्द्रमा कहिलेदेखि बालविकास केन्द्र सञ्चालन भएको हो ? कति संख्यामा छन् ?

........................................

३) हाल यस क्षेत्रमा/स्रोत केन्द्रमा कति बालबालिकाहरु बालविकास केन्द्रमा अध्ययनरत छन् ?

........................................

४) बालविकास केन्द्र स्थापनाको मुख्य कारण के के हुन् ?

........................................

........................................

५) बालविकास केन्द्र खोल्ने न्यूनतम आधार के के हुन् ?

..............................................

..............................................

..............................................

६) बालविकास केन्द्रको कारण कक्षा एकको विद्यार्थी भर्नामा फरक परेको छ/छैन् ?

७) बालविकास केन्द्रको कारण कक्षा एकको कक्षा छाड्ने दर र कक्षा दोहोर्‍याउने दरमा कमी भएको छ/छैन ?

छ भने कति ? ....................

छैन भने किन ? ....................

८) बालविकास केन्द्रको निरीक्षण र मूल्याङ्कन कति समयमा गर्नुहुन्छ ?

........................................

९) वर्तमान अवस्थामा बालविकास केन्द्रका समस्याहरु के के देख्नु भएको छ ?

........................................

........................................

........................................

१०) तपाईले उक्त समस्या समाधानार्थ के कस्तो योजना बनाउनु भएको छ ?

........................................

........................................

## बालविकास केन्द्र सञ्चालनको प्रभावकारिता

अनुसूची ३

बालविकास केन्द्र सञ्चालन भएको विद्यालयका प्रधानाध्यापकको लागि अन्तर्वार्ता निर्देशिका

विद्यालयको नाम :- ..................................................................
प्रधानाध्यापकको नाम :- ............................................................
ठेगाना :- ..........................................................................

१) तपाईको विद्यालयमा कहिलेदेखि बालविकास केन्द्र सञ्चालन भएको हो ?
...........................................
२) बालविकास केन्द्र स्थापना हुनाको कारणहरु के के हुन् ?
...........................................
...........................................
...........................................
३) हाल बालविकास केन्द्रमा कति विद्यार्थीहरु अध्ययनरत छन् ?
...........................................
४) बालविकास केन्द्रमा बालबालिकाहरु कति प्रतिशत उपस्थित हुन्छन् ?
...........................................
५) बालकक्षा सम्बन्धि निरीक्षण कहिले कहिले गर्नुहुन्छ ?
.................................................
६) बालविकास केन्द्रबाट कति प्रतिशत बालबालिकाहरु कक्षा एकमा आएका छन् ?
.................................................
७) बालविकास केन्द्रको कारणले कक्षा एकको भर्नामा फरक परेको छ/छैन ?
छ भने कति प्रतिशत ? ...............................
८) बालविकास केन्द्रको कारणले कक्षा एकको शैक्षिक उपलब्धिमा फरक परेको छ/छैन ?
छ भने के के ? ..........................................
९) बालविकास केन्द्रबाट कक्षा एकमा आएका विद्यार्थीहरुलाई कक्षा एकको वातावरणमा सहजता मिलेको छ/छैन ?
छ भने कस्तो ? ...........................................
१०) वर्तमान अवस्थामा बालविकास केन्द्रमा के कस्ता समस्याहरु रहेका छन् ?
...........................................
...........................................
.................................................
.................................................
११) समस्या समाधानका लागि के के गर्नु पर्दछ ?
.................................................
.................................................
.................................................
.................................................

# बालविकास केन्द्रको प्रभावकारिता

## अनुसूची ४

बालविकास केन्द्रका बालबालिकाहरुको लागि अवलोकन फारम

विद्यालयको नाम :- ....................................................................

विद्यार्थीको नाम :- .......................................................................

| क्र.सं. | विवरण | अवस्था | | | |
|---|---|---|---|---|---|
| | | उच्च | मध्यम | सामान्य | निम्न |
| १ | उपस्थिति | | | | |
| २ | नियमितता | | | | |
| ३ | सरसफाई | | | | |
| ४ | पढाइमा ध्यान | | | | |
| ५ | कक्षाकार्य | | | | |
| ६ | गृहकार्य | | | | |
| ७ | अनुशासन | | | | |
| ८ | अतिरिक्त क्रियाकलाप | | | | |
| ९ | शौचालयको प्रयोग | | | | |
| १० | विद्यालयमा समायोजन | | | | |
| ११ | सिकाइमा सहजता | | | | |
| १२ | शिक्षकसँगको सम्बन्ध | | | | |
| १३ | व्यवहारको अवस्था | | | | |
| १४ | साथीसँगको सम्बन्ध | | | | |
| १५ | विषयगत उत्सुकता | | | | |
| १६ | शैक्षिक उपलब्धी | | | | |
| १७ | कक्षा छाड्ने दर | | | | |
| १८ | अन्य | | | | |

## बालविकास केन्द्रले प्रभावकारिता
## अनुसूची ५

सहयोगी कार्यकर्ताको लागि तयार पारिएको प्रश्नावली

केन्द्रको नाम :- ....................................................
सहयोगी कार्यकर्ताको नाम :- ..................................

योग्यता :-

१) बालविकास कार्यक्रम कस्तो कार्यक्रम हो ?

...............................................................

...............................................................

२) तपाईको बालविकास केन्द्र कहिलेदेखि सुरुवात भएको हो ?

...............................................................

३) तपाई यस बालविकास केन्द्रमा कहिलेदेखि कार्यरत हुनुहुन्छ ?

...............................................................

४) यहाँ कुन कुन अवस्थाका बालबालिकाहरु सहभागी हुने गरेका छन् ?

उमेर :- ...............................

जातजाति :- ...............................

आर्थिक अवस्था :- ...............................

भौगोलिक अवस्था :- ...............................

५) हाल यस बालविकास केन्द्रमा कति बालबालिकाहरु अध्ययनरत छन् ?

...............................................................

६) बालबालिकाहरुको दैनिक उपस्थिति दर कति छ ?

१००% ☐ ७५% ☐ ५०% ☐ २५% ☐

७) बालविकास केन्द्र कति समयसम्म सञ्चालन गर्नुहुन्छ ?

....................... देखि .................... सम्म

८) बालबालिकाहरु बालविकास केन्द्रमा को को सँग आउने गर्दछन् ?

आमा/बाबु ☐ एक्लै ☐ साथीसँग ☐ दिदी/दाजु ☐

को सँग सबभन्दा बढी ? ...................................

९) तपाईको बालविकास केन्द्रमा भएको सशैक्षिक सामग्रीको उपलब्धताः-

| क.सं. | सामाग्री | छ | छैन | अवस्था |
|---|---|---|---|---|
| १ | पाठ्यक्रम | | | |
| २ | निर्देशिका | | | |
| ३ | सहयोगी पुस्तिका | | | |
| ४ | खेल सामग्री | | | |
| ५ | कालोपाटी | | | |
| ६ | कथा/कविता पुस्तक | | | |
| ७ | चित्रहरु | | | |
| ८ | श्रब्य-दृष्य सामग्री | | | |
| ९ | कलर पेन्सिल | | | |
| १० | विभिन्न शैक्षिक चार्ट | | | |
| ११ | अन्य | | | |

१०) बालविकास केन्द्रमा भएको भौतिक सामग्रीको उपलब्धता :-

| क.सं. | विवरण | छ | छैन | अवस्था |
|---|---|---|---|---|
| १ | कक्षा कोठा | | | |
| २ | खानेपानी | | | |
| ३ | शौचालय | | | |
| ४ | खेलमैदान | | | |
| ५ | डेक्स, बेन्च | | | |
| ६ | गुन्द्री, पिरा, कार्पेट | | | |
| ७ | अन्य | | | |

११) बालविकास केन्द्रलाई को को बाट सहयोग मिलेको छ ?

| क.सं. | विवरण | छ | छैन |
|---|---|---|---|
| १ | जिल्ला शिक्षा कार्यालय | | |
| २ | सम्बन्धित विद्यालय | | |
| ३ | गा.वि.स./न.पा. | | |
| ४ | सरकारी संघ संस्था | | |
| ५ | गैर सरकारी संघ संस्था | | |
| ६ | अन्य | | |

१२) अध्ययन समयलाई अतिरिक्त क्रियाकलापको लागि विभाजन गर्नुभएको छ/छैन ?

छ भने कति समय .................
छैन भने किन ...............

१३) बालविकास सम्बन्धी कुन कुन तालिम कति पटक लिनु भएको छ ?
...............................................................
...............................................................
...............................................................

१४) बालविकास केन्द्रबाट कति प्रतिशत बालबालिकाहरु उत्तीर्ण हुन्छन् ?
१००% ☐ ७५% ☐ ५०% ☐ २५% ☐

१५) बालविकास केन्द्रप्रति अभिभावकको धारणा कस्तो पाउनु भएको छ ?
...............................................................
...............................................................
...............................................................

१६) वर्तमान अवस्थामा बालविकास केन्द्रमा के कस्ता समस्याहरु रहेका छन् ?
...............................................................
...............................................................
...............................................................

१७) बालविकास केन्द्रलाई अझ विकास गर्न तपाईको सुझावहरु के के छन् ?
...............................................................
...............................................................

१८) बालविकास केन्द्रमा काम गरेवापत तपाई सन्तुष्ट हुनुहुन्छ ?
...............................................................
...............................................................

१९) बालविकास केन्द्रमा काम गर्दा तपाईका व्यक्तिगत समस्याहरु के के छन् ?
...............................................................
...............................................................
...............................................................

# बालविकास केन्द्रको प्रभावकारीता

अनुसूची ६

बालविकास केन्द्र/विद्यालय व्यवस्थापन समितिका अध्यक्षको लागि अन्तरवार्ता निर्देशिका
केन्द्रको नाम/विद्यालयको नाम :- ....................................
अध्यक्षको नाम :- ....................................

१) तपाईको विद्यालयमा निम्नानुसार भौतिक पक्षको अवस्था कस्तो छ ?
..............................................................

२) बालविकास केन्द्रको निम्नानुसार भौतिक पक्षको अवस्था कस्तो छ ?

| भौतिक पक्ष | सहयोगी संस्था | छ | छैन | अवस्था |
|---|---|---|---|---|
| भवन | | | | |
| फर्निचर | | | | |
| खेलमैदान | | | | |
| शौचालय | | | | |
| अन्य | | | | |

३) कक्षा सञ्चालन सम्बन्धी निरीक्षण कहिले कहिले गर्नुहुन्छ ?
दैनिक ☐ साप्ताहिक ☐ मासिक ☐ अर्धवार्षिक ☐

४) निरीक्षण नियमित नहुनाको कारणहरु के के हुन् ?
..............................................................
..............................................................
..............................................................

५) बालविकास केन्द्रलाई विद्यालयले के के सहयोग गरेको छ ?
..............................................................
..............................................................
..............................................................

६) बालविकास केन्द्रमका अभिभावकहरुलाई सहभागी गराउनु भएको छ/छैन ?

७) तपाईको विद्यालयमा बालविकास सञ्चालन भए पश्चात कक्षा एकको विद्यार्थी भर्नामा वृद्धि भएको छ/छैन ?

८) बालविकास केन्द्रको कारण कक्षा एकको शैक्षिक उपलब्धिमा वृद्धि भभ्एको छ/छैन ?

९) वर्तमान अवस्थामा बालविकास केन्द्रमा के कस्ता समस्याहरु देख्नु भएको छ ?

..............................................................
..............................................................
..............................................................

१०) बालविकास केन्द्रमा देखिएका समस्या समाधान गर्न कसकसले के के कार्य गर्नुपर्दछ ?

| संस्था वा व्यक्ति | कार्यहरु |
| --- | --- |
| विद्यालय व्यवस्थापन समिति | |
| सहयोगी कार्यकर्ता | |
| अभिभावक | |
| संघ संस्था | |
| जिल्ला शिक्षा कार्यालय | |
| गा.वि.स. ⁄ न.पा. | |
| अन्य | |

अनुसूची ७

## बालविकास केन्द्रको अवलोकन फारम

बालविकास केन्द्रको नाम :- ..................................

ठेगाना :- ......................................

| क्र.सं. | विवरण | अवस्था | | | | |
|---|---|---|---|---|---|---|
| | | उच्च | मध्यम | सामान्य | निम्न | कैफियत |
| १ | भौतिक पक्ष<br>भवन<br>गुन्द्री, पिरा, कार्पेट<br>शौचालय<br>खेलमैदान<br>खानेपानी<br>वातावरण सरसफाई<br>खाजाको व्यवस्था | | | | | |
| २ | शैक्षिक पक्ष<br>शिक्षण विधि<br>बालकको हेरचाह<br>खेलविधिको प्रयोग<br>पुरस्कारको व्यवस्था<br>मनोरञ्जन<br>बालगीत, बालकथा<br>चित्र, चार्टको प्रयोग<br>कलर पेन्सिल | | | | | |
| ३ | आर्थिक पक्ष<br>चन्दा<br>अनुदान<br>विद्यालयको आम्दानी<br>शुल्क<br>अन्य | | | | | |

बालविकास केन्द्र संचालनको प्रभावकारिता

अनुसुची ८

बालविकास केन्द्रबाट कक्षा एकमा आएका बालबालिकाहरुको लागि अवलोकन फारम

विद्यालयको नाम :- ...........................................................................................

विद्यार्थीको नाम :- ...........................................................................................

| क्र.सं. | विवरण | अवस्था | | | |
|---|---|---|---|---|---|
| | | उच्च | मध्यम | सामान्य | निम्न |
| १. | उपस्थिति | | | | |
| २. | नियमितता | | | | |
| ३. | सरसफाई | | | | |
| ४. | पढाइमा ध्यान | | | | |
| ५. | कक्षाकार्य | | | | |
| ६. | गृहकार्य | | | | |
| ७. | अनुशासन | | | | |
| ८. | अतिरिक्त क्रियाकलाप | | | | |
| ९. | शौचालयको प्रयोग | | | | |
| १०. | विद्यालयमा समायोजन | | | | |
| ११. | सिकाइमा सहजता | | | | |
| १२. | शिक्षकसँगको सम्बन्ध | | | | |
| १३. | व्यवहारको अवस्था | | | | |
| १४. | साथीसँगको सम्बन्ध | | | | |
| १५. | विषयगत उत्सुकता | | | | |
| १६. | शैक्षिक उपलब्धी | | | | |
| १७. | कक्षा छाड्ने दर | | | | |
| १८. | अन्य | | | | |

बालविकास केन्द्र संचालनको प्रभावकारिता

अनुसुची ९

सिधै कक्षा एकमा आएका बालबालिकाहरुको लागि अवलोकन फारम

विद्यालयको नाम :- ..........................................................................................

विद्यार्थीको नाम :- ...............................................................................................

| क्र.सं. | विवरण | अवस्था | | | |
|---|---|---|---|---|---|
| | | उच्च | मध्यम | सामान्य | निम्न |
| १. | उपस्थिति | | | | |
| २. | नियमितता | | | | |
| ३. | सरसफाई | | | | |
| ४. | पढाइमा ध्यान | | | | |
| ५. | कक्षाकार्य | | | | |
| ६. | गृहकार्य | | | | |
| ७. | अनुशासन | | | | |
| ८. | अतिरिक्त क्रियाकलाप | | | | |
| ९. | शौचालयको प्रयोग | | | | |
| १०. | विद्यालयमा समायोजन | | | | |
| ११. | सिकाइमा सहजता | | | | |
| १२. | शिक्षकसँगको सम्बन्ध | | | | |
| १३. | व्यवहारको अवस्था | | | | |
| १४. | साथीसँगको सम्बन्ध | | | | |
| १५. | विषयगत उत्सुकता | | | | |
| १६. | शैक्षिक उपलब्धी | | | | |
| १७. | कक्षा छाड्ने दर | | | | |
| १८. | अन्य | | | | |